मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ३ ● अंक २७३ ● २०८२ साल भाद्र ०८ गते आइतबार ● Sunday 24, August 2025 ● सूर्योदय: बिहान ५:४१ बजे ● सूर्यास्त: साँझ ६:३४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## पितृ तर्पणको लागि कुश उखेलियो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भाद्र मौनी अमावस्याको दिन शनिबार मानिसहरू चरनमा गएर पितृ तर्पणको लागि कुश उखेल्ने परम्परा छ । बिहान ठूलो संख्यामा मानिसहरू कुश उखेलेका थिए । हिन्दू मान्यता अनुसार आमाबाबुको जेठो छोरा वा एक मात्र छोराले कुश उखेलेर पवित्र ताल वा नदीमा पितृ तर्पण गर्छ । मानिसहरूले गंगासागर ताल, दूधमती नदी र जनकपुरधामका अन्य तालहरूमा पितृ तर्पण गर्छन् । नेपाल र भारतका विभिन्न भागहरूबाट मानिसहरू गंगासागरमा पितृ तर्पण गर्न जनकपुरधाम पुग्छन् । पितृ पक्षको समयमा विश्वभरका हिन्दूहरू पिण्ड दानको लागि गया पुग्छन् । गयामा पितृहरूलाई पिण्ड दान चढाउँदा जीवन र मृत्युको चक्रबाट मुक्ति मिल्छ भन्ने विश्वास गरिन्छ ।

# झाडापखालाबाट ३ जनाको मृत्यु, चार वडामा हैजा फैलियो



### राजेशमान सिंह
प्रमुख, वीरगंज महानगपालिका

*चिन्ता लिनुपर्दैन*
*हैजाको सङ्क्रमण फैलावट रोक्न र संक्रमित वडाका बासिन्दालाई सुरक्षित राख्न सबै जनशक्ति, साधन र स्रोत परिचालन गरिएको छ । महानगरका ३२ वटै वडाका स्वास्थ्यकर्मीलाई तत्काल बोलाएर संक्रमित क्षेत्रमा प्राथमिकताका आधारमा परिचालन गरिएको छ । आकस्मिक अवस्था व्यवस्थापनका लागि स्वास्थ्यकर्मी, औषधी, एम्बुलेन्स तथा अन्य सवारीसाधन पनि स्व्यान्डबाइमा राखिएको छ । यसैले कोही पनि आत्तिनु पर्दैन । महानगरबासीको स्वास्थ्यका लागि हामी हमेसा सचेत छौँ । कुनै जटिल समस्या देखिए र उपचार गर्नु पर्ने महानगरले कुनै पनि कसर बाँकी राख्ने छैन । यसैले समस्या लुकाएर कोही पनि नबसौँ ।*



### जयमोद ठाकुर
जनस्वास्थ्य अधिकृत, जनस्वास्थ्य कार्यालय पर्सा

*सक्रियता अपनाएका छौँ*
*हैजा संक्रमणको सुरुवात शुक्रबार राति वडा नम्बर १२, मुर्लीको नयाँ टोलबाट भएको हो । शुरुमा सोही टोलका ३० जनामा झाडापखाला देखिएपछि उनीहरू नजिकैको तराई हस्पिटलमा भर्ना भएका थिए । अस्पतालले हैजाको शंका गरेपछि नारायणी अस्पताल र जिल्ला जनस्वास्थ्य कार्यालयसँगको समन्वयमा गरिएको परीक्षणमा तीन जनामा हैजाको जीवाणु 'भिब्रियो कोलेरा' पुष्टि भएपछि गम्भीरताका साथ हैजा नियन्त्रणमा प्रयास गरिरहेका छौँ । अपनाउनु पर्ने स्वास्थ्य सावधानी र सचेतताबारे सक्रिय भएका छौँ । महानगरका केही वडामा हैजाको लक्षण देखिएको छ । यसलाई नियन्त्रणमा ल्याउने काममा सबै सरोकारवाला जुटेका छौँ ।*



### प्रदीप यादव
खानेपानी मन्त्री, संघीय सरकार

*पानी परीक्षण शुरु*
*वीरगंजमा हैजा संक्रमण बढ्दै गएपछि संघीय सरकारका तर्फबाट पनि प्रयास भएको छ । पानी परीक्षणका लागि मोबाइल भ्यानसहितको प्राविधिक टोली वीरगंजमा खटाइएको छ । खानेपानी परीक्षणका लागि आवश्यक उपकरणसहितको टोली हैजा प्रभावित क्षेत्रहरूमा सक्रिय छ भने तराई–मधेशमा खानेपानीको समस्या पुरानै भए पनि वीरगंजमा हैजा देखिनु गम्भीर चिन्ताको विषय बनेको छ । तत्काल पानी परीक्षण जरुरी देखेर आरम्भ गरिएको हो । मूर्ली र नारायणी अस्पताल पुगेर हैजाबाट संक्रमित बिरामीको अवस्थाबारे जानकारी लिएको छु । पानीको स्रोत, सरसफाइ र ढल व्यवस्थापनको अवस्थाबारे निरीक्षण गरेको छु ।*



### सतिश कुमार सिंह
मुख्यमन्त्री, मधेश प्रदेशी

*हरसम्भव प्रयासरत छौँ*
*हैजा संक्रमण नियन्त्रणका लागि स्वास्थ्य निर्देशनालय तथा स्थानीय स्वास्थ्य कार्यालयहरूलाई सक्रिय रूपमा काम गर्न आग्रह गरिएको छ । वीरगंजस्थित नारायणी अस्पतालसहित अन्य सबै अस्पताललाई संक्रमित बिरामीको उपचारमा सक्रिय रहन निर्देशन दिइएको छ । संक्रमण देखिएको क्षेत्रमा तत्काल आवश्यक उपचार सेवा उपलब्ध गराउन र थप फैलिन नदिन स्वास्थ्य तथा प्रभावित क्षेत्रमा खटिन स्वास्थ्यकर्मीहरूलाई पनि परिचालन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिइएको छ । उपचार सेवा थप प्रभावकारी बनाउन आवश्यक समन्वयका लागि स्वास्थ्य मन्त्रालयका कर्मचारी परिचालन भएका छन् ।*





**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरमा एकाएक हैजा फैलिएको छ । समुदायस्तरमै हैजाको संक्रमण देखिपछि वीरगंज महानगर सचेतना तथा प्राथमिक तहबाटै उपचारका लागि सत्प्रयास थालेको छ । यसका लागि वीरगंज महानगरपालिकाले अभियान सञ्चालन गरेको छ । ५० भन्दा बढी बिरामी र झाडापखालाबाट ३ जनाको मृत्यु भएपछि हैजाले जनजीवन तस्त बनाएको हो । यद्यपि शनिबार साँझसम्म झाडापखालाले मृत्यु भएकाहरूमा हैजा भए नभएको पुष्टि भएको छैन । तर बिरामी ३ जनाको हैजाको जीवाणु भेटिएको हो र बिरामी संख्या बढेर ४ वटा वडामा फैलिएको पाइएको हो । विभिन्न अस्पतालमा झाडापखालाको उपचार गराइरहेका बिरामीहरूको परीक्षण गर्दा हालसम्म २८ जनामा हैजाको संक्रमण पुष्टि भएको वीरगंज महानगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।

शुक्रबार राति वीरगंज–१२ मुर्ली टोलमा हैजा संक्रमण देखिएपछि स्वास्थ्यकर्मीको टोली परिचालन गरिएको छ । शनिबार मध्यान्हसम्ममा वडा नम्बर ११, १२, १३ र १६ मा हैजा फैलिएको छ । हैजा नियन्त्रणका लागि महानगरले शनिबार अस्पतालका सञ्चालकहरूसँग बैठक गरेको थियो ।

संक्रमण नियन्त्रण गर्न थप सतर्कता अपनाउन महानगर सक्रिय देखिएको छ । महानगर प्रमुख राजेशमान सिंहले सङ्क्रमण फैलावट रोक्न र संक्रमित वडाका बासिन्दालाई सुरक्षित राख्न सबै जनशक्ति, साधन र स्रोत परिचालन गर्न निर्देशन दिएका छन् ।

महानगरले ३२ वटै वडाका स्वास्थ्यकर्मीलाई तत्काल बोलाएर संक्रमित क्षेत्रमा प्राथमिकताका आधारमा परिचालन गरेको छ भने आकस्मिक अवस्था व्यवस्थापनका लागि स्वास्थ्यकर्मी, औषधी, एम्बुलेन्स तथा अन्य सवारीसाधन पनि स्व्यान्डबाइमा राखिएको छ ।

हैजा फैलनसक्ने भनेर वीरगंजको १ देखि १६ नम्बर वडा बढी जोखिमयुक्त क्षेत्र मानिएको छ । महानगरले हेल्प डेस्क र सूचना केन्द्र समेत स्थापना गरेर संक्रमण नियन्त्रणलाई सहज बनाउन पहल गरेको छ । शुरुमा मुर्ली टोलमा ३० जना स्थानीयलाई झाडापखालाको लक्षण देखिएपछि तराई अस्पतालमा भर्ना गरिएको थियो । अस्पतालले शंका व्यक्त गर्दै महानगरलाई नारायणी अस्पताल र जिल्ला जनस्वास्थ्य कार्यालयसँगको समन्वयमा परीक्षण गर्दा तीन जनामा हैजाको जीवाणु भिब्रियो कोलेरा पुष्टि भएको हो ।

नारायणी अस्पताल, वीरगंज हेल्थकेयर, तराई अस्पताललगायत स्वास्थ्य संस्थामा झाडापखालाका बिरामीको चाप बढिरहेको छ । शनिबारसम्म झाडापखालाकै कारण तीन जनाको मृत्यु भएको जानकारी आएको छ, तर ती मृत्यु हैजाकै कारण भएको वा नभएको पुष्टि भने हुन बाँकी छ ।

वीरगंजको विभिन्न बस्तीमा ढल र खानेपानी मिसिने समस्या देखिएकाले महामारी फैलिएको अनुमान गरिएको छ । त्यसैले महानगरले खानेपानीमा क्लोरिन हाल्न, उमालेर मात्र खान र सफा खानेपानी प्रयोग गर्न आग्रह गरेको छ । यससँगै स्वास्थ्यकर्मीहरूले समुदाय स्तरमै घरघर सचेतना अभियान सञ्चालन गर्दै हात धुन, सफा खानेपानी र व्यक्तिगत सरसफाइमा ध्यान दिन जनतालाई आग्रह गरेका छन् ।

वीरगंज महानगरपालिका स्वास्थ्य शाखाका प्रमुख राजु साहका अनुसार, नेशनल मेडिकल कलेज, तराई हस्पिटल, वीरगंज हेल्थ सेन्टर र अलि अर्थो सेन्टर अस्पतालमा भेटिएका बिरामीमा हैजाको संक्रमण देखिएको हो ।

जनस्वास्थ्य कार्यालय, पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरका अनुसार, संक्रमणको सुरुवात शुक्रबार राति वडा नम्बर १२, मुर्लीको नयाँ टोलबाट भएको थियो । शुरुमा सोही टोलका करिब ३० जनामा झाडापखाला देखिएपछि उनीहरू नजिकैको तराई हस्पिटलमा भर्ना भएका थिए । अस्पतालले हैजाको शंका गरेपछि नारायणी अस्पताल र जिल्ला जनस्वास्थ्य कार्यालयसँगको समन्वयमा गरिएको परीक्षणमा सुरुमा तीन जनामा हैजाको जीवाणु 'भिब्रियो कोलेरा' पुष्टि भएको थियो ।

**चनाचटपटे बन्द**
अर्को सूचना जारी नभएसम्मका लागि भाजा, चटपटे र पानीपुरी लगायतका 'स्ट्रिट फुड'को बिक्रीमा पूर्ण रोक लगाइएको छ । साथै, स्वास्थ्यकर्मीको टोली घर–घरमा पुगेर बिरामीहरूको खोजी र शंकास्पद बिरामीको परीक्षण भइरहेको छ । उनीहरूले संक्रमणबाट बच्ने उपायबारे जनचेतना पनि फैलाइरहेका छन् ।

**प्रदेश सरकारको चासो**
मधेश प्रदेशका कार्यबाहक मुख्यमन्त्री तथा भौतिक पूर्वाधार मन्त्री सरोजकुमार यादवले तत्काल उपचार सेवा उपलब्ध गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिएका छन् । सोही निर्देशनअनुसार, स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधन प्रसाद सिंहले मन्त्रालयका महाशाखा प्रमुख डा. विपिनकुमार झा र जनस्वास्थ्य अधिकृत सन्तोषकुमार ठाकुरलाई वीरगंज खटाएका छन् ।

## सर्तकता अपनाऔँ



**डा. रोशन कुर्मी,**
**चिकित्सक**
वीरगंजमा हैजाको महामारी फैलिएको पुष्टि भएको छ । तराई अस्पतालमा हैजाका बिरामीको संख्या दिनप्रतिदिन बढ्दै गएको छ । तराई अस्पतालका अनुसार २० भन्दा बढी बिरामीमा हैजाको लक्षण देखिएको थियो र उपचारपछि ती सबै डिस्चार्ज भएका छन् । हाल ७ जना बिरामी उपचाररत छन् । अस्पतालले उनीहरूलाई निरन्तर निगरानीमा राखेको छ ।

**लक्षणः**
छोटो डायरिया, गम्भीर डिहाइड्रेशनसहित, रक्तचाप नाप्न नसकिने अवस्था, मूत्र नबन्ने, दूषित पानीबाट फैलिएर संक्रमण ।

**परामर्श**
हैजा अत्यन्तै गम्भीर संक्रामक रोग हो । त्यसैले सबैले खानेपानी उमालेर मात्र पिउनुहोस्, खाना राम्रोसँग पकाएर मात्र खानुहोस्, सफाइमा विशेष ध्यान दिनुहोस् ।

## मधेशमा शेखर कोइराला समूह बलियो बन्दै



**मधेशदृष्टि**
**वीरगंज ।**
संविधान सभा सदस्य एवम् नेपाली कांग्रेस पर्साका पूर्व सभापति राजेन्द्र बहादुर अमात्यले भदौ १४ गते वीरगंज र पर्सा जिल्ला कांग्रेसमय हुने बताएका छन् । नेपाली कांग्रेसका प्रभावशाली नेता डा. शेखर कोइराला बिपी उद्यमशील अभियानः मधेश प्रदेशको कार्यक्रममा प्रमुख अतिथिको हैसियतले सम्बोधन गर्न आउन लागेको उनले बताए । बिपी कोइराला सोसलिस्ट इन्टरनेशनलद्वारा आयोजित कार्यक्रमका संयोजक रहेका अमात्यले मधेश प्रदेशमा र खासगरी पर्सा जिल्लामा आफ्नो शक्ति प्रदर्शनको तयारी गरेका छन् । वर्तमान पार्टी सभापति शेरबहादुर देउवाले आफ्नो कार्यकर्तालाई संरक्षण गर्छन्, आफ्नो गुटलाई बलियो बनाउन जे पनि गर्छन् तर उदाएको सूर्य अब अस्ताउने बेलामा भएकाले आकर्षण घटेको चर्चा गर्दै नेता अमात्यले पछिल्लो समयमा मधेश प्रदेशमा कोइराला समूह बलियो हुँदै गएको दाबी गरे ।

सभापति देउवा प्रधानमन्त्री बन्ने कुरामा समेत शंका व्यक्त गर्दै अमात्यले जेन्टलमेन एग्रिमेन्ट अनुसार त उहाँ नै बन्नु पर्ने तर बनेर गर्नु के हुन्छ भन्ने प्रश्न गर्दै मुलुक र पार्टी दुवैलाई क्षति व्यहोर्नु पर्ने अवस्था आउने बताए ।

मधेश प्रदेशमा नेपाली कांग्रेसका नेता डा. शेखर कोइराला गुटप्रति आकर्षण बढेको पाइएको छ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पक्षलाई यो कुराको अनुभूति भएपछि पार्टीका सहमहामन्त्री महेन्द्र यादव र मधेश प्रदेशका पार्टी अध्यक्ष कृष्ण यादवले महोत्तरीका देवेन्द्र यादवलाई हतारमा पार्टी प्रवेश गराएका थिए । पार्टी सभापति देउवा र महामन्त्री विश्वप्रकाश शर्मा उपस्थित भएर दिएको पार्टी सदस्यता २४ घण्टा नबित्दै खोस्नु पर्ने स्थिति आयो ।

लोसपाका पूर्व महामन्त्री रहेका देवेन्द्र यादवमाथि तत्कालीन सशस्त्र प्रहरीका असई थमन विकको हत्याको आरोप लागेको र अदालतमा फरार प्रतिवादी रहेको पाइएपछि सदस्यता खारेज भएको हो ।

## निलिमाको बिदाई



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेशदृष्टि दैनिकको मातृसंस्था रेडियो वीरगंज ९९ मेगाहर्जमा विगत १७ वर्षदेखि कार्यरत सहकर्मी निलिमा पौडेलको बिदाई गरिएको छ । पारिवारिक सिलसिलामा जापान जान लागेकी पौडेलले रेडियोबाट बिदा लिएकी हुन् । उनी नेपाल पत्रकार महासंघ पर्साकी उपाध्यक्ष पनि हुन् । १७ वर्षदेखि समाचार र कार्यक्रम महाशाखामा क्रियाशील पौडेललाई शनिबार साँझ रेडियोले कार्यक्रम नै गरेर बिदा गरेको । रेडियोका अध्यक्ष ध्रुव साहले पौडेललाई प्रशंसा पत्र दिँदै बिदाइ गरेका छन् ।

# दुई बुँदे सहमतिपश्चात् आन्दोलन स्थगित



**मधेशदृष्टि**
**सप्तरी ।**
लालपुर्जाको मागसहित आन्दोलनको तयारीमा रहेका राजविराज नगरवासी पीडित सङ्घर्ष समिति र राजविराज नगरपालिका कार्यालयबीच दुई बुँदे लिखित सहमति भएपछि आन्दोलन तत्कालका लागि स्थगित भएको छ । शनिबारदेखि घोषणा गरिएको आन्दोलन स्थगित गर्ने सहमति भएको हो । सहमतिपत्रमा राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीन, योजना अधिकृत मनोज यादव, कानुनी सल्लाहकार शिवकुमार चौधरी, सङ्घर्ष समितिका संयोजक इरसाद अन्सारी, प्रवक्ता अनिल देव, श्याम शर्मा लगायतका पदाधिकारी तथा नेपाल पत्रकार महासङ्घ सप्तरीका अध्यक्ष श्रवणकुमार देवको उपस्थिति रहेको थियो । सहमति अनुसार विगतमा राजविराज नगरक्षेत्रको बिटौरी र ब्लक क्षेत्रमा रहेको जग्गा मालपोत कार्यालयमा लेखत पारित हुने, अदालतबाट हकहस्तान्तरण हुने र बैंक तथा वित्तीय संस्थामा धितो राखेर ऋण लिन सकिने सुविधा अहिले रोकिएको अवस्थामा लालपुर्जाका लागि नगरकार्यपालिकाको निर्णयमार्फत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सिफारिस पठाइने भएको छ । त्यस्तै, नगरपालिकाको नेतृत्वमा सङ्घर्ष समिति, राजनीतिक दलका प्रतिनिधि र सरोकारवाला निकायलाई समेत समेटेर संयुक्त टोली गठन गरी लालपुर्जा वितरण प्रक्रिया अगाडि बढाइने उल्लेख छ । राजविराज नगरपालिका २०१६ सालमा स्थापना भए पनि नगरको मुख्य बजार क्षेत्रमा बसोबास गर्दै आएका करिब पाँच हजार दुई सय परिवार अझै लालपुर्जा पाउन सकेका छैनन् । लालपुर्जा नपाउँदा बसोबास, व्यापार–व्यवसायदेखि बैंकमा धितो राखेर कर्जा लिन समेत समस्या हुने भन्दै स्थानीय वर्षौंदेखि आन्दोलनरत छन् । कार्यवाहक नगर प्रमुख परवीनले सहमतिको पूर्ण कार्यान्वयन हुने प्रतिबद्धता व्यक्त गर्दै भनिन्, 'नगरसभा हुनु अगावै करिब पाँच हजार परिवारले लालपुर्जा प्राप्त गर्न सकून् भन्ने हाम्रो चाहना हो । यसका लागि नगरपालिकाले इमान्दार र सक्रिय पहल थाल्नेछ ।'

सहमति भए पनि संघर्ष समितिले नगर पालिकालाई चाँडो कार्यान्वयन गर्न दबाब दिने चेतावनी दिएको छ । समितिका संयोजक इरसाद अन्सारीले भने, 'हामीले सहमतिलाई सकारात्मक रूपमा लिएका छौं । तर, यदि फेरि विगतजस्तै ढिलासुस्ती वा धोका भयो भने स्थगित आन्दोलनलाई पुनः चर्काउनेछौं ।'

# बागमती नदीको कटान र नियन्त्रण प्रयासबारे स्थलगत अनुगमन



**मधेशदृष्टि**
**रौतहट ।**
नेपाल सरकार र भारत सरकारबीच हुने बाढी तथा डुबानसम्बन्धी संयुक्त समितिको आगामी बैठकको तयारी स्वरूप जलस्रोत तथा सिँचाइ विभागको टोलीले रौतहटमा बागमती नदीको स्थलगत अनुगमन गरेको छ । विभागका आपतकालीन व्यवस्थापन शाखाकी सिडिइ सुष्मा चौधरीका अनुसार टोलीले राजदेवी नगरपालिका–६ सहितका क्षेत्रमा बागमती नदीबाट भएको कटान र नियन्त्रणका प्रयासको प्रत्यक्ष अवलोकन गरेको हो । टोलीलाई प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले स्थलगत निरीक्षण गराएका थिए । अनुगमन टोलीमा विभागका नदी तथा जल उत्पन्न विपद् व्यवस्थापन महाशाखाका उपमहानिर्देशक डा. सन्तोष कैनी, जलाधार व्यवस्थापन महाशाखाका सिडिइ प्रेम लासिबा, आपतकालीन व्यवस्थापन शाखाकी सिडिइ सुष्मा चौधरी, सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना धनुषाका सिडिइ रविन शर्मा, प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्का, सशस्त्र प्रहरी उपरीक्षक सन्तोषकुमार बस्नेतलगायत अधिकारीहरू सहभागी थिए । टोलीले अनुगमनपछि बाढी नियन्त्रणका दीर्घकालीन पहलका लागि नेपाल–भारत दुवै पक्षबीच सहकार्य अपरिहार्य रहेको निष्कर्ष निकालेको छ । उपमहानिर्देशक डा. कैनीका अनुसार नेपाली भूभागमा बनेको बाँधकै उचाइमा भारततर्फ पनि बाँध बनाउनुपर्ने, साथै नो म्यान्स ल्यान्ड क्षेत्रमा समेत बाँध निर्माण गर्नुपर्ने विषय बैठकमा प्रमुख एजेन्डा हुनेछन् । 'हाल बाढीको पानी भारततर्फबाट नेपाल प्रवेश गर्ने जोखिम उच्च छ । त्यसैले बाँध र पूर्वाधार व्यवस्थापनमा दुवै पक्षले ध्यान दिन जरुरी छ,' डा. कैनीले भने । यसअघि टोलीले महोत्तरीस्थित रातु नदीको समेत स्थलगत अवलोकन गरेको थियो । विभागका सिडिइ प्रेम लासिबाका अनुसार नदी नियन्त्रण र डुबान न्यूनीकरणका लागि प्राविधिक विवरण तयार गरी नेपाल–भारत संयुक्त समितिको बैठकमा प्रस्तुत गरिनेछ । बाढी तथा डुबानसम्बन्धी संयुक्त समितिको नेतृत्व नेपालतर्फ जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशकले गर्नेछन् भने भारततर्फ गङ्गा बाढी नियन्त्रण आयोगका अध्यक्ष रहनेछन् । सीमा क्षेत्रमा निर्माण भएका सडक तथा अन्य पूर्वाधारका कारण उत्पन्न डुबान समस्या समाधान गर्न समिति सक्रिय रहने बताइएको छ ।

# अनियमितता विरुद्ध एमालेको धर्ना

**मधेशदृष्टि**
**सिरहा ।**
नेकपा एमालेका स्थानीय अगुवा नेता तथा कार्यकर्ताहरूले लक्ष्मीपुर पतारी गाउँपालिकामा भइरहेको अनियमितता रोक्न र सुशासन कायम गर्न भन्दै १५ बुँदे मागसहित अनिश्चितकालीन धर्ना सुरु गरेका छन् । भदौ ५ गते गाउँपालिका भवनमा प्रदर्शन गरेका उनीहरूले भदौ ६ गतेदेखि धर्ना थालेका हुन् । नेकपा एमाले लक्ष्मीपुर पतारीका अगुवा नेता तथा जिल्ला कमिटी सदस्य देव नारायण साहका अनुसार धर्ना तबसम्म जारी रहनेछ जबसम्म गाउँपालिकाले मागहरूको सम्बोधन गर्दैन । उनीहरूले २०८० सालदेखि हालसम्मको आय–व्यय पारदर्शी बनाउनुपर्ने, किसानका लागि ल्याइएका २१ थान ट्रान्समिटर तत्काल जडान गर्नुपर्ने, विगतमा प्रत्येक वडालाई दिइँदै आएको ५० लाख बजेटलाई २५ लाखमा घटाउने निर्णय खारेज गर्नुपर्ने माग अघि सारेका छन् । यस्तै, धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण पतारी पोखरीका लागि छुट्याइएको ३ करोड ५० लाख रुपैयाँ कमिसन विवादका कारण रोकिएको कार्य तत्काल अघि बढाउनुपर्ने, गाउँपालिका भवनसँग जोडिने ४ करोड ७० लाख रुपैयाँको बजेट खर्च नगरी फिर्ता गर्नुको कारण सार्वजनिक गर्नुपर्ने, बजेट दुरुपयोग र भ्रष्टाचारको अन्त्य हुनुपर्ने मागसमेत राखिएको छ । पूर्व गाउँपालिका अध्यक्ष रामबल्लभ साहले अनियमितता र भ्रष्टाचारका कारण विकास कार्य पूर्ण रूपमा ठप्प भएको जनाउँदै माग पूरा नभएसम्म आन्दोलन जारी रहने बताए । वडा नं. ६ का वडाध्यक्ष ब्रम्हदेव यादवले गाउँपालिका अध्यक्ष चतुरानन्द ठाकुरले बजेट पारदर्शिता र विकास कार्यलाई बेवास्ता गर्दै एकदलीय शैलीमा भ्रष्टाचारको अखडा बनाउन थालेको आरोप लगाए । तर, गाउँपालिका अध्यक्ष चतुरानन्द ठाकुरले भने एमालेले गठबन्धनमा रहेका दलबीच सहमति र सहकार्यलाई बेवास्ता गर्दै झमेला सिर्जना गरिरहेको दाबी गरे । उनले राखिएका मागहरूबारे छलफल गर्न आफू सधैं तयार रहेको भन्दै आन्दोलन फिर्ता लिन आग्रह गरे । स्थानीयहरू भने गाउँपालिकामा पारदर्शिता, सुशासन र विकासलाई प्राथमिकता दिनुपर्नेमा जोड दिँदै धर्ना आन्दोलनप्रति ऐक्यबद्धता जनाइरहेका छन् ।

# विद्यार्थी केन्द्रित कथा गोष्ठी सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मैथिली विकासक कोषको आयोजनामा विद्यार्थी केन्द्रित मासिक कथा गोष्ठी शनिबार जनकपुरधाममा सम्पन्न भएको छ । प्रेरणा तिवारीको सञ्चालन गरेको गोष्ठीको अध्यक्षता आकास मण्डलले गरेका थिए । गोष्ठीमा वरिष्ठ पत्रकार तथा साहित्यकार सुजित कुमार झा, शिवराम झा 'गुड्डु', अभनिस झा, बिमल दत्तसहित शिक्षक, विद्यार्थी र साहित्यप्रेमीहरूको उल्लेखनीय उपस्थिति रहेको आयोजकले जनाएको छ ।

प्रतियोगितात्मक रूपमा सम्पन्न कथा गोष्ठीमा विद्यार्थीहरूको उत्साहजनक सहभागिता देखिएको थियो । प्रतिस्पर्धामा रोहन यादवले प्रथम स्थान हासिल गरे भने आकृती महासेठ द्वितीय र आरुसी ठाकुर तृतीय भएका छन् । मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीका अनुसार यस्ता गतिविधिले विद्यार्थीहरूमा साहित्यप्रतिको रुचि, सिर्जनशीलता र अभिव्यक्तिका क्षमता बढाउने विश्वास गरिएको छ । मैथिली विकास कोषले भविष्यमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ ।

# नेपाली महिला समाज कतारको तीज विशेष कार्यक्रम सम्पन्न



**रामएकवाल राम**
**दोहा ।**
नेपाली नारीहरुले मनाउने पृथक पर्व हरितालिका तीज नेपालमा जस्तै विश्वभर छरिएर रहेका नेपाली चेलीहरुले नारी वेदनाका गीत संगीतका साथ रमाइलो गरी दर खाएर कतारमा पनि धुमधामसँग मनाएका छन् । नेपाली महिला समाज कतारद्वारा आयोजित रमाईलो तीज सचेतना तथा विविध सांस्कृतिक कार्यक्रम गरी भव्यताका साथ सम्पन्न भएको छ ।

नाज्मामा अवस्थित होटेल होलिडे विलाको सभाहलमा संस्थाकी अध्यक्ष माया केसीको सभापतित्व तथा नेपाली राजदुतावास कतारका राजदूत रमेशचन्द्र पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा आईसीसी, एनसिसीका पदाधिकारीहरु लगायत कतारमा स्थापित विभिन संघसंस्थाका अध्यक्ष एवम् प्रतिनिधिहरु, पत्रकार कलाकार तथा महिलाहरूको बाक्लो उपस्थिति रहेको थियो । प्रवासमा रहेका नेपाली महिलाहरु रंगिचंगी पहिरहन र गरगहनाले सजिएर कार्यक्रममा उपस्थित भएका थिए ।

नेपालबाट आएकी लोक तथा दोहोरी गायिकाद्वय टिका पुन र रेजिना परियारले कतारमा बस्ने नेपाली महिलाहरुलाई नचाउन सफल भइन् ।


विधिवत उद्घाटन सहित अघि बढेको कार्यक्रममा संस्थाकी प्रथम उपाध्यक्ष तथा कार्यक्रम संयोजक सन्ध्या अर्यालले स्वागत मन्तव्य राखेकी थिइन् ।

संस्थाकी प्रवक्ता तथा कार्यक्रम संयोजक शारदा भुजेल तथा महासचिव मेनुका खतिवडा भण्डारीले सहजीकरण गरेको कार्यक्रमलाई समापन गर्दै सभापति केसीले कार्यक्रममा उपस्थित भएर कार्यक्रमलाई भव्य बनाउने सम्पूर्ण नेपालीहरुलाई धन्यवाद व्यक्त गर्दै हिन्दु नारीहरुको महान पर्व हरितालिका तिजको शुभकामना व्यक्त गर्दै समापन गरेकी थिइन् ।

# हिन्दूवादीहरु राजनैतिक रुपमा संगठित हुनु आवश्यकः यादव

**मधेशदृष्टि**
**बारा ।**
बाराको परवानीपुर गाउँपालिकास्थित बुनियादमा राष्ट्रिय एकता अभियान बाराद्वारा आयोजित भेलामा सम्बोधन गर्दै अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले हिन्दू राष्ट्र घोषणाका लागि अब हिन्दुबादीहरु राजनैतिक रुपमा संगठित हुनुपर्ने आवश्यकता औंल्याएका छन् ।

अध्यक्ष यादवले हिन्दू समाज कमजोर नभएको तर राज्य हिन्दू समुदायप्रति उदासीन देखिएकाले राजनीतिक संगठितताबाट मात्रै अधिकार सुनिश्चित गर्न सकिने धारणा राखे । उनले मधेशको भूमिलाई जिहादी आतंकवादीहरुको सेल्टरका रुपमा प्रयोग भइरहेको र हिन्दू समुदायमाथि निरन्तर षड्यन्त्र तथा प्रहार भइरहेका घटनामा बर्तमानका दलहरु समेत हिन्दू विरोधी गतिविधिमा संलग्न देखिएको आरोप लगाए । उनले हिन्दू समुदायलाई जागृत गर्दै यस्ता दल तथा नेताहरुलाई पहिचान गरी बहिष्कार गर्न आह्वान गरे । मानव सभ्यताको उद्गम नै हिन्दू धर्म रहेको भन्दै यादवले विश्वभरका हिन्दूहरूको आस्थाको केन्द्र नेपाललाई बनाउन संविधानमै संघीय हिन्दू गणतन्त्र कायम गर्नुपर्नेमा जोड दिए । साथै उनले सांस्कृतिक पर्यटनलाई विश्वव्यापी रूपमा प्रचार–प्रसार गरेर मात्रै देश आर्थिक रुपमा अघि बढ्न सक्ने बताए । कार्यक्रममा अभियानका संरक्षक सेवक सौरभ नाथ, सदस्य रामाशीष यादव, अवधेश मण्डललगायतले मन्तव्य व्यक्त गरेका थिए । भेलाले अभियानको एक समिति पनि गठन गरेको छ ।



# अज्ञात पुरुष मृत फेला



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका–८ स्थित वडा कार्यालय पछाडि रहेको एस राज कबाड पसलमा एक अज्ञात पुरुष मृत अवस्थामा फेला परेको छ । मृतकको पहिचान अहिलेसम्म खुल्न नसकेपछि जिल्ला प्रहरी कार्यालय धनुषाले सर्वसाधारणलाई सनाखतमा सहयोग गर्न आग्रह गरेको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक बरुणबहादुर सिंहका अनुसार करिब ४० वर्षीय सो पुरुष अचेत अवस्थामा फेला परेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए ।

'स्थानीयले खबर गरेलगत्तै प्रहरी टोली घटनास्थल पुगेको थियो । तत्काल प्रादेशिक अस्पताल जनकपुर पठाइए पनि चिकित्सकले मृत घोषणा गरे,' डीएसपी सिंहले भने । डीएसपी सिंहका अनुसार मृतकको शव आवश्यक कानुनी प्रक्रिया पूरा गरी प्रादेशिक अस्पताल जनकपुरको शवगृहमा राखिएको छ ।

# गणिनाथ गोविन्दको जन्मजयन्ती भव्यताका साथ मनाइयो

**मिश्री लाल मधुकर**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर–२३ लादो बेलास्थित दूधमती नदीको किनारमा अवस्थित कानु समुदायका कुलदेवता सन्त शिरोमणी गणिनाथ गोविन्द बाबाको जन्मजयन्ती शनिबार भव्यताका साथ मनाइएको छ ।

वडा अध्यक्ष राघवेन्द्र साहको अगुवाइमा निस्केको कलश यात्रामा स्थानीय सांसद जूली महतो, दीपेन्द्र ठाकुर, मेयर प्रत्याशी शिवशंकर साह हीरा, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी लगायतकाहरू सहभागी थिए । भव्यताका साथ निकालिएको कलश यात्रामा सयौं महिलाहरूको पनि सहभागिता थियो । गंगासागरबाट जल भरेपछि नगर परिक्रमा गर्दै कलश यात्रा पुनः बेला मन्दिर पुग्यो । बाटोमा विभिन्न स्थानमा कलश यात्राको स्वागत गरिएको थियो ।




नेपालमा पलवैयाधाम भनेर चिनिने बेलामा रहेको गणिनाथ गोविन्द बाबा मन्दिरमा नेपाल र भारतबाट हजारौं आगन्तुकहरूले पूजामा भाग लिएका थिए । त्यस्तै, गंगासागरको किनारमा अवस्थित गणिनाथ गोविन्दनाथ बाबा मन्दिरमा पनि राजकुमार साहको अध्यक्षतामा जन्मजयन्ती भव्यताका साथ मनाइएको थियो ।

# ढल्केवर–जनकपुर–जटही सडकमा विद्युतीकरण

**जनकपुरधाम ।**
ढल्केवर–जनकपुर–जटही ३५ किलोमिटर सडकमा चार करोड ३८ लाख ८९ हजारको लागतमा विद्युतीकरण भएको छ ।

सडक डिभिजन कार्यालयले सडकका दुवै किनारमा खम्बा गाड्नका साथै सौर्य प्यानल जडानका साथै अन्य विद्युतीय उपकरण जडान गरेको हो । सडक किनार विद्युतीकरणबाट बटुवालाई राति हिँडडुल गर्न सहज भएको छ । सडक विद्युतीकरण आयोजना पूरा भएकामा उक्त कार्यालयलाई धन्यवाद दिँदै नेपाल कम्युनिस्ट पार्टी एमालेका सचिव रघुवीर महासेठले सडक सुरक्षा तथा पूर्वाधार निर्माणका निम्ति सरकारले प्राथमिकता दिएको बताए । कार्यालयका प्रमुख दरोगा साहले ढल्लकेवर–जनकपुरधाम–जटही सडक खण्डमा 'फ्लाई ओभर' निर्माणको योजना रहेको जानकारी दिए ।रासस

# मिथिला नगरपालिकामा महासेठको सहभागितामा विकास समीक्षा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पूर्व उपप्रधानमन्त्री तथा नेकपा एमालेका नेता रघुवीर महासेठले शनिबार धनुषाको मिथिला नगरपालिका–११ मा आयोजित बृहत् अन्तरक्रिया कार्यक्रममा स्थानीय जनप्रतिनिधि र सर्वसाधारणसँग विकासका विषयमा प्रत्यक्ष संवाद गरेका छन् ।

कार्यक्रममा प्रदेश सभा सदस्य हरिनारायण महतो, पार्टीका जिल्ला कमिटी पदाधिकारी, वडा नम्बर–११ का निर्वाचित जनप्रतिनिधि र अगुवा कार्यकर्ताहरूको समेत



उपस्थिति थियो । सहभागीहरूले विगतमा सम्पन्न भएका विकास योजनाको समीक्षा गर्दै अझै अधुरा रहेका योजनाबारे गुनासो र सुझाव राखेका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै महासेठले स्थानीयको सुझावलाई आगामी योजना निर्माणमा प्राथमिकता दिने आश्वासन दिए । उनले भने, 'विकास जनताकै चाहना र आवश्यकताअनुसार हुनुपर्छ । जनताको सुझावलाई आधार बनाएर बाँकी कामलाई छिट्टै सम्पन्न गर्ने गरी पहल गरिन्छ ।' साथै उनले जनताले दिएको विश्वासलाई व्यवहारमै परिणत गर्न सबै जनप्रतिनिधि र पार्टी कार्यकर्ताहरूले समन्वय गरेर काम गर्नुपर्नेमा जोड दिए । प्रदेश सभा सदस्य महतोले पनि स्थानीय स्तरमै विकासको कार्यान्वयनले मात्र प्रदेश र संघीय सरकारको योजना सफल हुने उल्लेख गर्दै सबैलाई एउटै मञ्चमा ल्याएर समस्या समाधान गर्नुपर्ने बताए । कार्यक्रममा सहभागी स्थानीयले सडक, खानेपानी, कृषि तथा शिक्षासम्बन्धी अधुरा योजनाहरू शीघ्र पूरा गर्न माग गरेका थिए ।

# ब्रह्माकुमारी राजयोगद्वारा एकै दिन ६ हजार केन्द्रबाट रक्तदान



**मधेशदृष्टि**
**सप्तरी ।**
'रक्तदान गरौं, जीवन बचाऔं' नाराका साथ राजविराजस्थित ब्रह्माकुमारी राजयोग सेवा केन्द्रले विशाल रक्तदान अभियान २०८२ शुरु गरेको छ ।

विश्ववन्धुत्व दिवस तथा राजयोगिनी प्रकारमणी दादीको १८औं पुण्यतिथिको अवसर पारेर शनिवारदेखि उक्त अभियान शुरु गरिएको हो । रगतको अभावले कसैले पनि ज्यान गुमाउनु नपरोस भन्ने प्रमुख उदेश्यका साथ विश्वभर छरिएर रहेका ब्रह्माकुमारी राजयोग सेवाकेन्द्रको ६ हजार केन्द्रमा एकै दिन रक्तदान कार्यक्रम शुरु भएको केन्द्रकी राजविराज प्रमुख संचालिका भगवती दिदीले जानकारी दिइन् ।

विश्वभर विभिन्न रोगको संक्रमणसँगै बिरामीको संख्या वृद्धि भइरहेकाले जस्तोसुकै अवस्थामा पनि रगतको अभाव हुन नदिने उदेश्यल वृहत साताव्यापी रक्तदान कार्यक्रम अभियानकै रुपमा शुरु गरिएको केन्द्रकी प्रमुख संचालिका भगवती दिदीको कथन छ । यस्तो सेवामूलक कार्यक्रममा सबैलाई सहभागि हुन आग्रह गरेकी उनले विश्वभर रहेका ६ हजार केन्द्रबाट एकै साथ शुरु भएको रक्तदान कार्यक्रममा ठुलो संख्यामा रक्तदाता सहभागी हुने र यसले गिनिज वल्ड रेकर्डस कायम गर्ने केन्द्रको योजना पनि सफल हुने विश्वास समेत व्यक्त गरिन । बृहत रक्तदान कार्यक्रममा समाजसेवी एवम् जेष्ठ नागरिक संघ मधेश प्रदेशका अध्यक्ष शंकर सारदाले रक्तदान सबैभन्दा पुण्यको काम भएको बताउँदै यस्तो अभियानले रगतको अभाव झेलिरहेका बिरामी र रक्तसञ्चार केन्द्रलाई ठुलो राहत प्रदान गर्ने बताए ।

बिरामीले अनाहकमा ज्यान गुमाउन नपरोस् भन्ने उदेश्यका साथ विभिन्न समयमा १ सय १४ पटक रक्तदान गरिसकेका शारदाले यसरी रक्तदान गर्दा पनि आफ्नो स्वास्थमा कुनै प्रतिकुल असर नपरेको सुनाए । रेडक्रस सोसाइटी शाखा सप्तरीद्धारा राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल परिसरमा संचालित रक्तसञ्चार सेवा केन्द्रका इन्चार्ज नविन झाले उपचारका लागि आउने बिरामीका आफन्तको प्रमुख समस्या रगतको अभाव नै बन्ने गरेको बताउँदै यस्ता कार्यक्रमले ठुलो राहत प्रदान गरेको जनाए ।

कार्यक्रमको पहिलो दिन प्रमोद कुमार यादव, दिनानाथ यादव, विमला महतो, ललिता साह, नन्दकिशोर गुप्ता र उमेश यादवसहित २५ जनाले रक्तदान गरेका छन् । उक्त अवसरमा जिल्लामा सर्वाधिक १ सय १४ पटक रक्तदान, राजविराज नगरपालिकाका पूर्वमेयर गोविन्द सिंह, समाजसेवी शंकर सारदा सहित सबै रक्तदाताहरुलाई केन्द्रकी प्रमुख संचालिका भगवती दिदीले कदरपत्रबाट सम्मान गरेकी थिइन् ।

# लोसपा मधेश प्रदेश कार्यकारिणी समितिको बैठक सम्पन्न

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल मधेश प्रदेशको नवगठित प्रदेश कार्यकारिणी समितिको पहिलो बैठक जनकपुरधामस्थित पार्टी कार्यालयमा सम्पन्न भएको छ । बैठक पार्टीका केन्द्रीय वरिष्ठ उपाध्यक्ष तथा मधेश प्रदेश अध्यक्ष जितेन्द्र सोनलको अध्यक्षतामा बसेको हो । बैठकमार्फत नवनियुक्त प्रदेश पदाधिकारी तथा कार्यकारिणी सदस्यहरूले औपचारिक रूपमा पदभार ग्रहण गर्दै शपथ लिएका छन् । त्यसपछि एजेन्डावद्ध छलफल शुरु भएको थियो । बैठकमा पार्टी संगठनलाई आधारभूत तहसम्म विस्तार गर्ने विषयलाई प्राथमिकतामा राखिएको थियो ।

वडा, पालिका, निर्वाचन क्षेत्र, जिल्ला र प्रदेशस्तरीय अधिवेशनसमेत सञ्चालन गर्ने तयारीबारे विस्तृत छलफल भएको सहभागीहरूले जानकारी दिएका छन् । बैठकमा मधेश प्रदेश सरकारको हालको गतिविधि र प्रदेशस्तरीय राजनीतिक अवस्थाबारे समेत बहस भएको बताइएको छ । पार्टीले प्रदेश सरकारप्रति आफ्नो धारणा निर्माण गर्नुपर्ने विषयमा समेत छलफल भएको एक नेताले जानकारी दिए । बैठकमा प्रदेश कार्यकारिणीका सदस्यहरूले विभिन्न सुझाव र सल्लाह प्रस्तुत गरेका थिए । सहभागी सदस्यहरूले पार्टीलाई प्रदेशस्तरमा अझ सशक्त बनाउन संगठनात्मक गतिविधिलाई तीव्रता दिने प्रतिबद्धता व्यक्त गरे । उनीहरूले युवालाई आकर्षित गर्ने खालका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए । अध्यक्ष सोनलले बैठकमार्फत तय गरिएका रणनीतिहरूलाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दै पार्टीलाई मधेश प्रदेशमा सशक्त विकल्पका रूपमा प्रस्तुत गर्ने बताए ।

# अस्पतालको सेवा सुधारसँगै बिरामीको चाप बढ्दो

**मधेशदृष्टि**
**रौतहट ।**
मधेश प्रदेशको गौर प्रादेशिक अस्पतालले गत आर्थिक वर्षमा १ लाख ६० हजारभन्दा बढी बिरामीलाई स्वास्थ्य सेवा प्रदान गरेको छ । अस्पतालले स्वास्थ्य पूर्वाधार, सरसफाइ र सेवाको गुणस्तरमा सुधार गरेपछि बिरामीको चाप उल्लेख्य मात्रामा बढेको हो । आर्थिक वर्ष ०८१÷०८२ मा अस्पतालले कुल १ लाख ६० हजार ८६२ जना बिरामीलाई विभिन्न स्वास्थ्य सेवाअन्तर्गत उपचार गरेको अस्पतालका निमित्त मेडिकल सुपरिडेन्ट डा. मुरारी ठाकुरले जानकारी दिए । उनका अनुसार इमरजेन्सी सेवामार्फत २२ हजार ११९, ओपीडी सेवाबाट ४४ हजार ९१०, लेबोरेट्री सेवाबाट २५ हजार ६२४, फार्मेसी सेवाबाट २६ हजार ७०७, एक्स–रे सेवाबाट १४ हजार ६२०, प्रसूति सेवामार्फत ४ हजार १ र अल्ट्रासाउन्ड सेवाबाट ४ हजार ७७४ जना बिरामीलाई सेवा प्रदान गरिएको हो । डा. ठाकुरका अनुसार यी सेवाबाहेक अन्य २३ प्रकारका स्वास्थ्य सेवाअन्तर्गत हजारौं बिरामी लाभान्वित भएका छन् । अस्पताल विकास समितिका अध्यक्ष मो. अनवर हासमीले उपचार प्रणालीमा आएको सुधारले बिरामीलाई सहज मात्र नभई विश्वासिलो बनाएको बताए । 'स्वास्थ्य उपचारदेखि सरसफाइ र खानेपानीसम्म सुधार गरिएको छ । त्यसकै परिणामस्वरूप अहिले गौर प्रादेशिक अस्पताल मधेशमै उत्कृष्ट अस्पतालको सूचीमा पर्न सफल भएको छ,' हासमीले भने । उनका अनुसार बिरामीको चाप बढ्दै गएको अवस्थामा अझ प्रभावकारी सेवा दिन अस्पतालले अतिरिक्त स्वास्थ्य उपकरण र जनशक्ति आवश्यक पर्ने अवस्था छ ।

**नेपाल पत्रकार महासंघ**
धनुषा शाखा, जनकपुरधाम
**स्मारिका प्रकाशन समिति**

## लेख आवेदनको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२ भदौ ८ गते**

नेपाल पत्रकार महासंघ धनुषा शाखाले प्रकाशन गर्न लागेको स्मारिकाका लागि धनुषाको पत्रकारिता इतिहास, सुरुवात, वर्तमान अवस्था सहित मौलिक, तथ्यपरक लेखहरुको लागि आवेदन आव्हान गर्दछ । नयाँ पुस्तालाई पुस्तान्तरण गर्ने सन्दर्भमा नेपाली भाषाको लेखलाई प्राथमिकता दिइनेछ । धनुषालाई केन्द्रमा राखेर पत्रकारिता गर्ने इच्छुक पत्रकारहरुले सूचना प्रकाशित भएको मिति देखि १५ दिनभित्र आफ्नो लेखको लागि दुई सय शब्दको अवधारणा पत्रसहित तल दिएको इमेल वा कार्यालयमा आवेदन दिनुहुन अनुरोध गरिन्छ ।

- अवधारणाको आधारमा आवेदनबाट उत्कृष्ट २५ जनाको लेख/रचना स्मारिका समितिले छनौट गर्नेछ ।
- निर्धारित मापदण्ड भन्दा बाहिरको लेख समावेश गरिने छैन् ।
- लेख/रचना कम्तिमा २५०० शब्दको हुनुपर्नेछ ।
- लेख/रचना तथ्य, तथ्याङ्क, तर्क, विचार र शोध सामग्रीको आधारमा मौलिक हुनुपर्छ ।
- लेख/रचनाका साथ लेखकले तस्बिर, ईमेल र फोन नं. पठाउनुपर्नेछ ।
- स्मारिकामा प्रकाशित लेखको पारिश्रमिक उलपब्ध गराइने छ ।
- लेख/रचनाको अवधारणा १५ दिनभित्र **fnjdhanushasmarika@gmail.com** मा पठाउनु होला ।
- प्राप्त लेख/रचना छनोट गर्ने वा नगर्ने सम्पुर्ण अधिकार समितिमा निहित रहनेछ ।

स्मारिका प्रकाशन समिति

सम्पादकीय

# धान उत्पादन घट्ने पिरलो

मधेश प्रदेशमै देखिएको सुख्खा र संकटग्रस्त घोषणाले यसवर्ष धान उत्पादनमा कमी हुने पक्कापक्की छ । पर्सा जिल्लामा लामो समय परेको खडेरी र ढिलोगरी शुरू भएको वर्षाका कारण यस वर्ष धान उत्पादन घट्ने अनुमान छ । उत्पादन करिब २० प्रतिशतले घट्ने अनुमान गरिएको छ।

कृषि ज्ञान केन्द्र पर्साका सूचना अधिकारी तथा बाली संरक्षण अधिकृत उमेश थापाका अनुसार ढिलोगरी रोपाइँ हुनु र खेतमा पानीको अभाव हुनु उत्पादन घट्नुको मुख्य कारण हुन्।

ढिलोगरी गरिएको रोपाइँ र खेत चिरिनुका कारण 'ब्लाष्ट' जस्ता रोग फैलिने जोखिम उच्च छ, जसले उत्पादकत्वमा थप गिरावट ल्याउने अनुमान छ।

कृषि ज्ञान केन्द्रका तथ्यांक अनुसार, पर्सामा कुल ३७ हजार ७ सय ३१ हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने क्षेत्रमध्ये हालसम्म ९८ प्रतिशत रोपाइँ भएको छ। गतवर्ष जिल्लामा करिब २ लाख ३३ हजार मेट्रिक टन धान उत्पादन भएको थियो।

तर यसवर्ष ढिलो रोपाइँले पनि उत्पादनमा समस्या हुने देखिन्छ।

पर्सामा मात्रै नभएर सिंगो मधेश प्रदेशमै यसवर्ष धान उत्पादनमा गिरावट आउने भएकाले चामल र धान आयात गर्नै पर्ने बाध्यता छ । यसले सर्वसाधारणले खानाका लागि पनि महंगो रकम तिर्नु पर्ने संकेत गरेको छ।

# नेपालको सार्वभौमिकतामाथि चीन र भारतबीच स्वार्थको लेनदेन



आनन्द पोखरेल

भारत–चीन सहमतिबारे नेपालले भन्यो, 'लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न अङ्ग हुन् ।' यो नेपालको सार्वभौमसत्ता र भौगोलिक अखण्डतासँग जोडिएको गम्भीर विषय हो । लिपुलेक क्षेत्र नेपालको हो भन्ने कुरा ऐतिहासिक नक्सा, सन्धि र प्रमाणले पुष्टि गर्छन् ।

नेपालले कालापानी, लिपुलेक, लिम्पियाधुरासम्मको भूभाग समेटेर २०७७ जेठ ५ गते नयाँ नक्सा जारी गरेको छ । संविधान संशोधनमार्फत २०७७ असार ४ गते चुच्चे नक्सालाई संसदमा उपस्थित राजनीतिक दलको सहमतिमा संविधानको अंग बनाइयो । भारत र चीनलाई नेपाल सरकारले यसबारे आधिकारीक जानकारी पहिले नै गराई सकेको छ । अहिलेसम्म भारतले उक्त भूमिलाई विवादस्पद भूमि मानेको छ ।

लिपुलेक नेपाल, भारत र चीनको त्रिदेशीय सीमा नाका हो । यसमा दुईपक्षीय सहमति गर्नु नेपालको सार्वभौमकितमा ठाडो उल्लंघन हो ।

भारत र नेपालबीच धेरै ठाउँमा सीमा विवाद छ । भारतले त कालापानी, लिपुलेक र लिम्पियाधुराको भूभाग कब्जा गरी सेना राखेको छ । भारतसँग सीमालगायत धेरै विषयमा रहेका समस्या कूटनीतिक समाधान गर्नु छ ।

चीनसँग कूटनीतिक समबन्ध स्थापना भएको ७० वर्ष पुगेको छ । चीनसँग नेपालको सम्बन्ध स्थापनाकालदेखि हालसम्म समस्याविहीन रुपमा स्थापित छ । यसमा नेपाली जनताले गर्व गर्ने गरेका छन् ।नेपालमाथि कसैले दबाब दिए वा नेपालको सार्वभौममा दखल गरे नेपालको सार्वभौम अखण्डताको पक्ष उभिने चीनले पटक पटक प्रतिवद्धात गरेको छ । एक चीन नीति र नेपालको भूभाग चीनविरुद्ध कसैलाई प्रयोग गर्न नदिने प्रतिवद्धताअनुसार नेपाल आफ्नो भूमिका निभाइरहेको वर्तमान सत्य हो ।

यो तथ्य र सत्यको बीचमा चिनियाँ विदेश मन्त्री वाङ भदौ १ र २ गते २०८२ मा दुई दिने भारत भ्रमणका क्रममा भारत र चीनले लिपुलेक पास हुँदै सीमा व्यापार खोल्ने सहमति भएको कुरा सार्वजनिक भएको छ । म छक्क छु, लिपुलेकलाई भारतसँग मिलेर दुई देशीय व्यापारिक नाका बनाउने सहमति कुन चीनले गरेको हो ? हाम्रो उत्तरी छिमेकी चीन उही हो वा अरु कुनै चीन हो ? नेपाली जनताले छुट्याउन सकेनन् । अहिले पनि विश्वास गर्न सकेका छैनन् ।

नेपालको भूमिमा भारत–चीनले नेपाललाई छलफलमै नराखी द्विपक्षीय सहमति गर्नु नेपालको सार्वभौमिक अधिकारमाथि ठाडो हस्तक्षेप हो । लिपुलेक त्रिकोणीय सीमाक्षेत्र (नेपाल–भारत–चीन) भएकाले यहाँका भूभाग प्रयोगबारे हुने सहमति व्यापारिकमात्र नभई रणनीतिक सुरक्षाका विषयसमेत बन्ने गरेका छन्। हुन त, इतिहासमा भारत र चीनबीच सन् १९५४ अप्रिल २९ मा लिपुलेकसहित ६ वटा सीमा नाका व्यापारिक प्रयोजनका लागि खोल्ने सम्झौतामा हस्ताक्षर भएको थियो र

यो सहमति कार्यान्वयन नहुँदै, भारतले लिपुलेकको बाटो निर्माण गर्न नभ्याउँदै सन् १९६२ मा भारत र चीनबीच युद्ध भएको थियो । यो युद्धमा भारत पराजित भयो । चीनसँगका सबै सहमति स्थगित भएको थियो । समय क्रममा पुनः भारतसँग सम्बन्ध समघुर भयो । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको औपचारिक चीन भ्रमणका बेला सन् २०१५ मे १५ (जेठ १, २०७१) मा जारी संयुक्त वक्तव्यको २८औँ बुँदामा लिपुलेकलाई दुई देशीय नाका भनेर समेटिएको थियो ।

सन २०२० चीन र भारतबीच गलवान भिडन्तको कारण नाकालगायत धेरै सम्बन्ध कटौति भए। भारत–चीनका सबै नाका बन्द भए । चीन र भारतबीच २०६२ देखि सन् २०२० सम्म धेरैपटक युद्ध र झडप भए । जब उनीहरु बीच समबन्ध सुध्रिन्छ । नेपालको हित र सार्वभौम अधिकार ओझेलमा पर्छ ।

अहिले युक्रेन–रुसमा रुसविरुद्ध अमेरिकालगायत पश्चिमी देशको नाकाबन्दी छ । रुससँग भारतको सुरक्षा, परम्परागत मैत्रि र आर्थिक सन्धि छ । अमेरीकाको चहनाविपरित भारतले रुससँग कच्चा तेल किनिरहनुको कारण अमेरिका र भारतबीचको सम्बन्धमा दरार पैदा भएको छ । भारत र चीन ब्रिकस र एससिओको सदस्य पनि हो । यही मौका पारेर भारतको चीनसँग सम्बन्ध सुदढ हुँदैछ । यो भूराजनीतिक परिवर्तन वहुध्रुवीय विश्व व्यवस्थाको शुरुवात होला । यतिबेला दुई ठूला छिमेकीको समबन्ध सुध्रिनुले नेपाल पीडित हुनुहुँदैन ।

भारत–चीन सम्बन्ध सुदृढ हुनुको अर्थ नेपाल हेपिनु होइन । दुई छिमेकीको सम्बन्ध समधुर हुनको अर्थ नेपाल दुवै देशबाट सुरक्षित हुनु हो । तर, यो सहमतिले नेपाल झन् असुरक्षित हुँदैछ । यसबाट पर्याप्त शंका गर्ने अवस्था उत्पन्न भएको छ । विगतमा नेपालको सहमतिबेगर २०७१ मा भारत र चीनले लिपुलेकलाई व्यापारिक मार्गका रूपमा अघि बढाउने सहमति गरेकै विषयमा तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले भारतीय प्रधानमन्त्री मोदीलाई फोन गर्नुभएको थियो ।

उहाँले सोध्नुभयो, 'नेपालको लिपुलेकबारे चीनसँग कसरी तपाईंहरूको सहमति भयो ?' सरकारले चीन सरकारलाई पनि विरोधपत्र पठाएको थियो । भारतलाई सरकारले कूटनीतिक नोट नै पठाएको थियो । कुनै देशले उक्त कूटनीतिक नोटको जवाफ दिएनन् । उनीहरुले सुनेनन् वा सुन्न चाहेनन् ? यो पनि स्पष्ट छैन ।

यो अन्तर्राष्ट्रिय मत्स्य न्यायको एक हिस्सा हो कि ? हिजोमात्रै नेपाल सरकारले कालापानी, लिपुलेक र लिम्पियाधुरा नेपालको अभिन्न भूभाग रहेको स्पष्ट पारेको छ। 'नेपालको संविधानमा देशको आधिकारिक नक्सा समावेश भइसकेको र उक्त नक्सामा महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको तथ्यमा नेपाल सरकार स्पष्ट छ । भारत–चीनले नेपाललाई यो मुद्दामा ७१ वर्षदेखि उपेक्षा गर्दै आएका छन् । यो नेपालको सार्वभौमिक अधिकारमाथिको प्रहार हो । नेपाल सरकार र नेपालि जनता दुबैले राष्ट्रिय हितको पक्षमा तत्काल आवश्यक कूटनीतिक र राजनीतिक कदम चाल्न जरुरी छ ।

नेपालको भूमिमा भारत–चीनले नेपाललाई छलफलमै नराखी द्विपक्षीय सहमति गर्नु नेपालको सार्वभौमिक अधिकारमाथि ठाडो हस्तक्षेप हो । लिपुलेक त्रिकोणीय सीमाक्षेत्र (नेपाल–भारत–चीन) भएकाले यहाँका भूभाग प्रयोगबारे हुने सहमति व्यापारिकमात्र नभई रणनीतिक सुरक्षाका विषयसमेत बन्ने गरेका छन् । यसैकारण उनीहरूले पटकपटक नेपाललाई बेवास्ता गर्दै लिपुलेक नाकालाई लिएर सहमति गर्दै आएका छन्। नेपाली भूमि लिपुलेक हुँदै भारत र चीनबीच सीमा व्यापारको पछिल्लो सहमतिप्रति नेपालभित्र चौतर्फी विरोध भएको छ ।

मुद्दा ताजा हुँदै प्रधानमन्त्री केपी शर्मा ओली भदौ १४ मा सांघाई कोअपरेसन अर्गनाइजेशन (एससिओ) शिखर सम्मेलनका लागि चीन जाँदै हुनुहुन्छ ।

त्यसबेला चिनियाँ राष्ट्रपति सी चिनफिङ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग छुट्टाछुट्टै भेट हुने तय भएको छ। चीनको तियाञ्जिन शहरमा ओली र मोदीबीच भेट हुने पक्का छ। यस मुद्दामा नेपालले दुबै देशका नेतासँग कुरा उठाउनुपर्छ । दह्रो कूटनीतिक प्रयास गर्नुपर्छ । लिपुलेकको विवाद अब दुईपक्षीय वार्ता गरेरमात्र समाधान हुने इश्यु होइन । त्यो त्रिपक्षीय हुनुपर्छ। यो नेपाल चीन र भारत जोड्ने विन्दु हो । त्यसैले यसका लागि तीनवटै मुलुकका बीच कूटनीतिक छलफल चलाउनुपर्छ र छिट्टै हल गरिनुपर्छ ।

नेपालको सरकार, नागरिक समाज, विज्ञ वुद्धिजीवी, राजनीतिज्ञ र कूटनीतिज्ञले सरकारलाई सल्लाहका नाममा आदेश दिने र सामाजिक सञ्जाल र सञ्चारमाध्यमबाट प्रतिक्रिया दिएर चुप बस्छौँ । हाम्रो कर्तव्य विगत ७१ वर्षदेखि हाम्रो कुरा भारतले सुनेन, हाम्रो सार्वभौम हितलाई बेवास्ता गरे, शक्ति राष्ट्रको मिलापले हाम्रो स्वाभिमान र स्वत्वमाथि हस्तक्षेप गरेका छन् । अब सरकारको मात्र मुख ताकेर नागरिक समाजको दायित्व र कर्तव्य पूरा हुन सक्दैन । अहिले प्रश्न पेचिलो र गम्भीर बनेर आएको छ । हामीले के गर्ने भनेर छलफलको लागि केही बुँदा अगाडि सारेको छु ।

नेपालीले तत्कालै गर्नुपर्ने केही काम

१. जनचेतना अभिवृद्धिः लिपुलेक नेपालको हो भन्ने ऐतिहासिक तथ्यसहित व्यापक प्रचार गर्नुपर्छ ।

२. शान्तिपूर्ण कार्यक्रम गर्नेः जनसभा, र्‍याली, हस्ताक्षर संकलनजस्ता गतिविधिमार्फत् सरकार र सरोकारवाला र अन्तर्राष्ट्रिय समुदायलाई सन्देश दिनसक्नु पर्छ ।

३. सामाजिक सञ्जालमार्फत स्वदेश तथा विदेशमा अभियान चलाउन ढिलो गर्नु हुँदैन ।

४. यो मुद्दामा जनप्रतिनिधिलाई संसदमा प्रश्न उठाउन र जनपरिचालन गराउने ।

५. नागरिक समाजले मुलुकभरि ऐक्यवद्धता र सचेतना कार्यक्रम चलाउने ।

६. प्रवासी नेपालीमार्फत अन्तर्राष्ट्रिय मिडिया र कूटनीतिक निकायमा मुद्दा पुर्‍याउने ।

७. जनतासमक्ष नक्सा र तथ्यपत्रको वितरण गर्ने ।

८. राष्ट्रिय एकताको भावनाले शान्तिपूर्ण दबाबमूलक आन्दोलन गर्ने ।

९. अन्तर्राष्ट्रिय सञ्चार माध्यममार्फत लेख लेख्ने र नेपालको पक्षमा जनमत बनाउने ।

१०. सबै देशभक्त शक्तिले राष्ट्रिय एकतालाई प्राथमिकता दिई जनअभियान चलाउने ।

अन्त्यमा, म केटाकेटी हुँदा एक गरिबको धनी छिमेकीसँग जग्गासम्बन्धी झगडा भयो । धनी छिमेकीको शत्रु अर्को धनी छिमेकीको घरमा गरिब किसान सहयोग माग्न गयो । बेलीबिस्तार लगायो । छिमेकीले खुशी हुँदै सहयोग गर्ने बचन दिए ।

'म त उजस्तो होइन, मलाई बाबु सम्झी सहयोग पाउँछस्, मुद्दामा तेरो जीत हुनेछ' भन्यो । गरिब किसान खुशी हुँदै घर फर्किए । धेरै दिन पर्खँदा पनि विवाद मिलेन, मिलाइदिएन् । उल्टै अर्को धनी छिमेकीले जग्गामा विवाद झिके ।

दुबै धनी छिमेकी मिलेपपछि कचहरी बस्यो । अन्त्यमा गरिबको जग्गा उल्टै 'हामीले काम गर्न नसकेका समयमा तैँले मिचेको थिइस्' भनेर दुबैतिर गरिबको जग्गा काटेर खाए । यो दृश्य देखेपछि मैले हजुरबालाई सोधेँ, 'बा, बिचारको जग्गा त दुबैले मिलेर खाए ।', उहाँले भन्नुभयो, 'चूप लाग, सानाले धनीको विरुद्ध बोल्नुहुँदैन । स्वार्थ नमिल्दा काटाकाट, स्वार्थ मिलेपछि चाटाचाट, कुरो बुझिस् ?'

# बुबाको मुख हेर्ने दिनः दाताको पर्खाइमा आश्रमका 'बा' हरू

नारायण अधिकारी



'पितृदेवो भवः'अर्थात् जन्म दिने बाबुलाई देवता समान मानेर कुसे औँसीका दिन बाबुको मुख हेर्ने पर्व आज देशभर मनाइन्छ । बाबुप्रति आदर सम्मानका साथ मीठो खाना र राम्रो लगाउन दिने परम्परा रहेको छ । त्यसो त बाबु गुमाएकाहरूले भने धार्मिक तीर्थस्थलमा गई तर्पण, सिदा दान र श्राद्ध गर्ने परम्परा छ ।

पवित्र तीर्थस्थल देवघाट धाममा रहेका वृद्धाश्रमका 'बा'हरू भने दाता पर्खेर बसेका छन् । जीवनको उत्तरार्धमा पुगेका बा र आमाहरू प्रायः परिवारबाट हेलत्तिएर यहाँ आएका छन् । कतिपय आफ्नो साहारा कोही नभए पनि आश्रय लिन यहाँ आइपुगेका छन् । जहाँ हरेक वर्षमा आउने आमा खुवाउने दिन (माता तीर्थ औँसी) र कुशे औँसी अर्थात् बाबुको मुख हेर्ने दिन त्यहाँ बस्ने वृद्ध बा र आमाहरू भने कोही दाता आएर बा आमाको सम्मान देला भनेर पर्खिरहेका छन् ।

देवघाट गाउँपालिका–५ मा रहेको देवघाट समाज कल्याण केन्द्र वृद्धाश्रममा रहेका बाहरूको अवस्था अझै दयानीय छ । नुवाकोटबाट आएर बस्नुभएका ७५ वर्षीय कृष्णप्रसाद भट्ट आफन्त भए पनि चाडपर्वमा नसम्झँदा मन अमिलो भएर आउने गरेको बताउनुहुन्छ । औँसीको दिन भएका दुई भाइ छोराले समेत सम्पर्क नगर्दा आफन्त भन्ने रहेनछन् भन्ने भान भएको उहाँले बताउनुभयो ।

श्रीमतीको निधनपछि छोराहरूलाई आफ्नो खुट्टामा उभिने बनाएर छाडेका भट्ट छोराहरूको सम्झनामा निकै निरास बन्ने गर्नुहुन्छ । उहाँले भन्नुभयो, 'वृद्धावस्थामा निकै समस्या हुँदोरहेछ, छोराहरूको साहरा चाहिने समयमा उनीहरूनै सम्पर्कमा छैनन् कसरी साहारा पाउनु ।' अहिले त भगवान्को भरोसामा जीवनलाई छाडेको उहाँको भनाइ छ । उहाँले थप्नुभयो, 'अहिले त जो सम्झेर आउँछन् तीनै छोराछोरी हुन् ।' अहिले आश्रममा आएर जस्ले बा भन्छ र मीठो खान दिन्छ तीनै छोराछोरी हु जस्तो लाग्ने गरेको उहाँले बताउनुभयो । उहाँ विगत आठ वर्षदेखि यही आश्रममा आश्रय लिएर बस्दै आउनुभएको छ ।

दुई पटकसम्म वैवाहिक सम्बन्धमा बाँधिएर पनि श्रीमती र छोरा–छोरी नभएपछि निकै उदास भएर आश्रममा दिन काट्दै आउनुभएको छ । भरतपुर महानगरपालिका–६ गीतानगरका ८६ वर्षीय शमशेरबहादुर विश्वकर्मा । उहाँको वैवाहिक जीवन सफल हुन नसकेपछि उहाँ आश्रममा आएर बस्न थाल्नुभएको हो । जन्मिएका छोराछोरीहरू नबचेपछि श्रीमतीले पनि उहाँलाई छाडेर गए । एक्लो जीवन बिताउनका लागि आश्रममा आउनुभएका विश्वकर्मा अहिले आश्रममा आउने जति सबैलाई छोराछोरीको रूपमा लिँदै आउनुभएको छ । उहाँले भन्नुभयो, 'आफ्ना त छैनन् । जो आउँछ त्यसैलाई छोराछोरीको रूपमा लिनुपर्ने बाध्यता छ,' उहाँले सुनाउनुभयो, 'बाबुको मुख हेर्ने दिन जो आउँछ त्यो नै आफ्नो छोराछोरीजस्ता लाग्छ उहाँले सुनाउनुभयो । बा खुवाउने दिन भन्छन् आफ्नो त कोही छैन जसले दिन्छ त्यही छोराछोरी हुन् ।'

बागलुङबाट आएर देवघाट समाज कल्याण केन्द्र वृद्धाश्रममा बस्दै आउनुभएका ७७ वर्षीय मणिरत्न पौडेल अविवाहित हुनुहुन्छ । उहाँका भाइ र बहिनी बागलुङमा नै हुनुहुन्छ । समाजमा देखेर आफूलाई विवाह गर्न मन नलागे पनि वृद्धावस्थामा कोही आइदिएहुन्थ्यो भन्ने आभास हुने गरेको उहाँले सुनाउनुभयो । परिवारका सदस्य नहुँदा चिन्ता नभए पनि अहिले कसैले बा भनेर बोलायो भने पनि मन फुलेर आउने गरेको सुनाउँदै उहाँले भन्नुभयो, 'जसले आफूलाई बा भन्छ त्यसको दुःख जति मलाइनै परोस् भनेर भन्ने गरेको छु,' उहाँले भन्नुभयो, 'सबै आफ्नै हुन् । जसले बा भन्छन् सबै सन्तान आफ्नै हुन् ।'

देवघाट क्षेत्र विकास समितिको क्षेत्राधिकारभित्र तीन वटा आश्रममा ८० जना वृद्धवृद्धा रहेका छन् । यस क्षेत्रमा रहेको कल्पबासमा ३० जना कल्पबासी र १० वटा आश्रममा आश्रित वृद्धवृद्धाहरूको हरेक वर्ष आउने चाडपर्व यस्तै हुने गरेको छ । क्षेत्र विकास समितिका कार्यकारी निर्देशक सदन बरालका अनुसार देवघाट समाज कल्याण केन्द्र वृद्धाश्रममा अहिले ३५ जना वृद्धवृद्धा रहनुभएको छ । जसमा १७ जना वृद्ध र १८ जना वृद्धा रहेका छन् । उनीहरूको व्यवस्थापनमा दाताहरूको भर पर्नुपरेको उहाँले बताउनुभयो ।

सुरुआती समयमा समाज कल्याण कार्यालयबाट केही बजेट आए पनि अहिले बजेट नहुँदा भवन मर्मतदेखि आश्रितहरूको दैनिकीमा समेत दाताको भर पर्नुपरेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, 'जन्मोत्सव, वैवाहिक उत्सव, पितृकार्यलगायतमा सहयोग गर्ने दाताको भरमा अहिले दैनिकी चलाउनुपरेको छ ।' सरकारी कुनै पनि निकायबाट बजेट प्राप्त नहुँदा अहिले दाता खोज्नुपर्ने अवस्था आएको उहाँले बताउनुभयो ।

क्षेत्र विकास समितिका अध्यक्ष डा ईश्वरीराज लौडारीले असहाय वृद्धवृद्धाको बसोबास, खानपानी र उपचारको व्यवस्था गरिएको भए पनि बजेट पर्याप्त हुन नसकेको बताउनुभयो । दाताहरूको सहयोगमा भए पनि यहाँ रहनुभएका वृद्धवृद्धाको उचित व्यवस्थापन गर्न सकिएको भन्दै उहाँले कुनै कमीकमजोरी नहोस् भन्ने गरी काम गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, 'समस्याका बीच पनि वृद्धवृद्धाहरूको स्वभावअनुसार सेवा दिएका छौँ । यसलाई निरन्तर राख्न सक्नुपर्छ ।'

यसैबीच प्रेस चौतारी नेपाल चितवन शाखाले देवघाट समाज कल्याण केन्द्र वृद्धाश्रममा दरखाने कार्यक्रम गरेको छ । शाखाले शुक्रबार साँझ वृद्धवृद्धाहरूलाई भोजन गराएर दरखाने कार्यक्रम गरेको अध्यक्ष सुवास पण्डितले जानकारी दिनुभयो । उहाँका अनुसार शाखाले प्रत्येक वर्ष यो कार्यक्रम गर्दै आएको छ । रासस

# यी हुन् राष्ट्रिय मुक्ति पार्टीका आठ जिल्ला प्रभारी



**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय मुक्ति पार्टी नेपालले संगठन विस्तारको तयारी स्वरूप मधेशका ८ जिल्लासहित देशभरका ४१ जिल्ला र उपत्यकाका तीन वटै जिल्लामा नेता खटाएका छन् । पार्टीले प्रमुख नेतालाई प्रभारी भनेको छ ।

हालै सम्पन्न भएको केन्द्रीय कार्यकारिणी समितिको बैठकको निर्णय सार्वजनिक गर्दै ताप्लेजुङदेखि कैलालीसम्म तथा काठमाडौँ उपत्यकादेखि सुदूरपश्चिमका जिल्लासम्म संगठन सशक्त बनाउन कार्यकर्ता परिचालन गर्ने निर्णय गरेको हो ।

पार्टीले मधेशका आठ जिल्लामा सप्तरीमा केशव झालाई प्रभारी र गजेन्द्र कुमार मण्डललाई सहप्रभारी, सिरहामा अनिल कुमार सिंहलाई प्रभारी, धनुषामा डा. राजीव झालाई प्रभारी र संजय चौधरीलाई सहप्रभारी र महोत्तरीमा रमण पाण्डेयलाई प्रभारीको जिम्मेवारी दिएको छ ।

यस्तै, सर्लाहीमा राम नरेश राय प्रभारी र मो. हुसेन खान तथा गौरीनारायण साह सहप्रभारी छन् । रौतहटमा जयलाल साह प्रभारी र मो. शेख मंजिर सहप्रभारी, बारामा अनिल महासेठ प्रभारी र पर्सामा नेजामुद्दिन समानी प्रभारी तोकिएका छन् ।

पार्टीले राष्ट्रव्यापी संगठन विस्तार अभियान आगामी भदौ ८ गतेदेखि असोज २२ गतेसम्म सञ्चालन गर्ने निर्णय गरेको छ । स्वदेशवाद, बहुलराष्ट्रवाद, र सामुदायिक समाजवादलाई पार्टीको मूल मार्गदर्शन सिद्धान्तका रूपमा प्रस्तुत गरिएको छ ।

प्रवक्ता रविन्द कुमार श्रेष्ठका अनुसार बैठकले देशव्यापी जनआन्दोलन शुरू गर्ने निर्णय निर्णय पनि गरेको छ । उत्पीडित समुदायहरूको एकता आवश्यक रहेको निष्कर्ष निकाल्दै बहुल राष्ट्रिय राज्य निर्माण, सहकारी अर्थतन्त्रको प्रवद्र्धन, र अन्तर्राष्ट्रिय समन्वयलाई प्राथमिकता दिने निर्णय गरेको उनले बताए ।

देशको हालको अवस्था गहिरो राजनीतिक संकट, सांस्कृतिक विघटन र आर्थिक दिवालियापनको स्थितिमा पुगेको ठहर गर्दै, २०७२ को संविधानले मधेशी, थारू, आदिवासी, मुस्लिम, दलितलगायत उत्पीडित समुदायलाई राज्यबाट बहिष्कृत गरेको आरोप लगाएको छ ।

बैठकमा राष्ट्रिय मुक्ति पार्टी नेपाल र जनता समाजवादी पार्टीबीच श्रावण २९ गते भएको कार्यगत एकतालाई अनुमोदन गर्दै, संयुक्त रूपमा कार्यक्रमहरू सञ्चालन गर्ने निर्णय पनि गरिएको छ ।

# परराष्ट्रमन्त्रीद्वारा भियतनामका उपराष्ट्रपतिसँग शिष्टाचार भेट

**काठमाडौँ ।**
समाजवादी गणतन्त्र भियतनामका उपराष्ट्रपति भो थि आन सुआनसँग परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले शनिबार शिष्टाचार भेटवार्ता गरेकी छिन् ।



उपराष्ट्रपति रामसहायप्रसाद यादवको मैत्रीपूर्ण निमन्त्रणामा नेपालको तीनदिने औपचारिक भ्रमणका लागि शनिबार काठमाडौँ आएकी उपराष्ट्रपति भोसँग मन्त्री डा राणाले भेटवार्ता गरेकी हुन् ।

भेटमा नेपाल भियतनाम सम्बन्धका विविध आयामहरुका साथै द्विपक्षीय हित र आपसी चासोका विषयहरुमा कुराकानी भएको थियो । त्यस क्रममा मन्त्री डा राणाले पछिल्लो समय तीव्र आर्थिक विकासका लागि भियतनामलाई बधाई दिँदै यो आर्थिक विकासबाट अन्य देशले पनि सिक्रसक्ने धारणा राखिन् ।

मन्त्री डा राणाले दुवै देशबीचको सांस्कृतिक सम्बन्धलाई उजागर गर्नुपर्ने र बौद्ध धर्म दुवै देश र जनताका बीचको सम्बन्ध विस्तारको एक सबल कडी रहेकोमा जोड दिइन् । उनले भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीको भ्रमणमा धेरै भियतनामी नागरिकहरू आउने गरेको प्रसङ्ग उल्लेख गर्दै सांस्कृतिक पर्यटन प्रवद्र्धनका क्षेत्रमा दुवै देश मिलेर काम गर्न सकिने पनि बताइन् ।

पछिल्ला वर्षहरुमा नेपाल र भियतनामका पर्यटकहरुको संख्या उल्लेखनीय रुपमा बृद्धि भएको जानकारी दिँदै मन्त्री डा राणाले यो अवसरको उपयोग गर्दै दुवै देश पर्यटन क्षेत्रको प्रवद्र्धनमा सहकार्य गर्दै अघि बढ्नुपर्ने धारणा राखिन् ।

मन्त्री डा राणाले भियतनामबाट नेपालका भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल र पोखरा विमानस्थलमा उडानको वातावरण निर्माणका लागि पनि आग्रह गरेकी थिइन् । त्यसैगरी उनले नेपाल अगामी सन् २०२६ पछि अतिकम विकसित राष्ट्रबाट स्तरोन्नतिको तयारीमा रहेकाले त्यसपछिको अवस्थामा आवश्यक सहयोगका लागि पनि भियतनामसँग आग्रह गरिन् ।

भेटमा मन्त्री डा राणाले नेपाल सन् २०२७ देखि २०२९ सम्मका लागि मानवअधिकार परिषद्को सदस्य र २०२९ देखि २०३१ सम्मका लागि आर्थिक तथा सामाजिक परिषद् सदस्यमा उम्मेदवारी दिएकाले त्यसमा सहयोगका लागि आग्रह गर्दा उपराष्ट्रपति भोले नेपाललाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन् ।

नेपाल र भियतनाम द्विपक्षीय र बहुपक्षीय तहमा एकअर्कालाई सहयोग र समर्थन गर्दै आएको उल्लेख गर्दै दक्षिण–दक्षिण सहयोग, जलवायु परिवर्तनजस्ता विश्वव्यापी एजेण्डाहरूमा आगामी दिनमा पनि सहकार्यका साथ अघि बढ्नुपर्नेमा भेटमा छलफल भएको थियो ।

जी ७७, नन अलाइन्मेन्ट मुभमेन्ट (नाम)का सदस्य राष्ट्रका रुपमा नेपाल र भियतनाम विकासशील देशहरुको हित रक्षाका लागि एकमत भएर काम गरिरहेको सो अवसरमा उपराष्ट्रपति भो र परराष्ट्रमन्त्री डा राणाले बताइन् ।

समाजवादी गणतन्त्र भियतनामका उपराष्ट्रपति भो थि आन सुआन नेपालको तीनदिने औपचारिक भ्रमणका लागि शनिबार काठमाडौँ आइपुगेकी हुन् । उपराष्ट्रपति रामसहायप्रसाद यादवको मैत्रीपूर्ण निमन्त्रणामा उनी नेपाल भ्रमणमा आएकी हुन् ।

उपराष्ट्रपति सुआनलाई शनिबार त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको अति विशिष्ट कक्षमा परराष्ट्रमन्त्री डा आरजु राणा देउवा र सस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले स्वागत गरेका थिए । त्यस अवसरमा नेपाल सरकारका विशिष्ट श्रेणीका कर्मचारी, सुरक्षा निकायका पदाधिकारीलगायत विशिष्ट व्यक्तित्व उपस्थित थिए । उपराष्ट्रपति सुआनले उनको सम्मानमा नेपाली सेनाले प्रदान गरेको गार्ड अफ अनरको निरीक्षण गरिन् ।

उनी भदौ ९ गतेसम्म नेपालको भ्रमण रहनेछन् । भियतनामकोतर्फबाट नेपालमा भएको यो पहिलो उच्चस्तरीय भ्रमण हो । भ्रमणका क्रममा उपराष्ट्रपति यादव र उनका समकक्षी सुआनबीच भदौ ८ गते काठमाडौँमा प्रतिनिधिमण्डस्तरीय द्विपक्षीय वार्ता हुने मन्त्रालयले जनाएको छ ।

उपराष्ट्रपति सुआनले भ्रमणका क्रममा राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री केपी शर्मा ओलीसँग छुट्टाछुट्टै शिष्टाचार भेटवार्ता गर्ने कार्यक्रम छ । यो वर्ष नेपाल र भियतनामबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औँ वर्षगाँठसमेत परेकाले यस भ्रमणलाई विशेष महत्वका साथ हेरिएको छ । उपराष्ट्रपति सुआन भ्रमण सम्पन्न गरी भदौ ९ गते स्वदेश फिर्ता हुने तालिका छ । रासस

# ‘लिपुलेकबारे प्रधानमन्त्रीले चीन र भारत भ्रमणमा कुरा गर्नुहुन्छ’




**मधेशदृष्टि**
**धनगढी ।**
नेकपा एमालेका सचिव तथा सुदूरपश्चिम इन्चार्ज लेखराज भट्टले नेपाली भूमि लिपुलेकबारे भारत र चीनबीच भएको दुई देशीय सम्झौता गम्भीर र आपत्तीको कुरा भएको बताएका छन् ।

प्रेस चौतारी नेपाल कैलालीले शनिबार धनगढीमा आयोजना गरेको ‘जनसंगठनसँग प्रेस चौतारी’ विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै पूर्व उद्योग मन्त्री समेत रहेका भट्टले दुई शक्ति राष्ट्रले शान्तिप्रिय मुलुकको भूमिबारे गरेको दुई पक्षीय सम्झौता नेपालको राष्ट्रियता र सार्वभौमसत्तामाथिको नाङ्गो हस्तक्षेप भएको उल्लेख गरेका हुन् ।

उनले लिपुलेक नेपालको भूमि भएको कुरा विभिन्न तथ्य प्रमाणले प्रष्ट हुने बताउँदै शक्ति राष्ट्रले त्यसबारे सम्झौता गरेर नेपालको राष्ट्रियतामाथि ठूलो मिसाइल प्रहार गरेको बताए । ‘लिपुलेक नेपालकै भूमि हो भन्ने कुरा विभिन्न तथ्य, प्रमाणले पुष्टि गर्छ । अझ हामी सुदूरपश्चिमबासीको भूमि भएकाले यो कुरामा हामी सबै प्रष्ट हुनुपर्छ,’ उनले भने, ‘तर लिपुलेकबारे अहिले भारत र चिनले दुई पक्षीय सम्झौता गरेर शान्तिप्रिय राष्ट्रको राष्ट्रियतामाथि हस्तक्षेप र गम्भीर प्रहार गरेका छन् । यसको हामी सबैले खुलेर विरोध गर्नुपर्छ ।’ प्रधानमन्त्री केपी शर्मा ओलीले कुरा समेत गर्ने बताएका छन् । दुई देशबीच ३ भदौमा नयाँ दिल्लीमा चीनका विदेशमन्त्री वाङ यी र भारतीय विदेशमन्त्री एस.जयशंकरबीच भएको वार्तामा नेपाली भूमि लिपुलेकसम्बन्धी सम्झौता भएको थियो ।

प्रधानमन्त्री केपी शर्मा ओली शाङ्घाइ सहयोग संगठन (एससीओ) को सम्मेलनमा भाग लिन १४भदौमा चीन जाँदैछन् । चिनबाट फर्किएपछि प्रधानमन्त्री भारत भ्रमणमा जाने कार्यक्रम छ ।

भ्रमणका क्रममा दुवै देशसँग प्रधानमन्त्री ओलीले कुरा गर्ने उनको भनाई थियो । भट्टले सन् २०१५ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणका क्रममा पनि लिपुलेकलाई व्यापारिक मार्गका रूपमा प्रयोग गर्ने निर्णय भएको स्मरण गर्दै त्यो बेला विरोध जनाउने आफू एक्लो व्यक्ति भएको समेत बताए । उनले अहिलेको सम्झौताप्रति पनि खुलेर विरोध गर्न आवश्यक रहेको उल्लेख गरे ।

‘नेपालको राष्ट्रियतामाथि भारत र चिनियाँ पक्षले गरेको अत्याचार हो । यो भूमिसँग सुदूरपश्चिम भावना र मनोवैज्ञानिक रूपमा पनि जोडिएको छ,’ उनले भने, ‘हामीले आ–आफ्नो ठाउँबाट यो विषयमा गम्भीर रूपमा उठाउनुपर्छ ।’

# नेपालको सहमतिबिना भूमि प्रयोग गर्न खोज्नु अनुचित

**दाङ ।**
नेकपा एमालेका महासचिव शङ्कर पोखरेलले नेपालको सहमतिबिना चीन र भारतले नेपाली भूमि प्रयोग गर्न खोज्नु अनुचित भएको बताएका छन् ।



घोराहीमा प्रेस चौतारी नेपाल दाङले शनिबार आयोजना गरेको पत्रकार सम्मेलनमा पोखरेलले लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र नेपालकै भूमि भएको उल्लेख गर्दै सहमतिबिना प्रयोग गर्ने प्रयत्नलाई अस्वीकार्य हुने बताए । उनले भने, ‘दुई छिमेकी राष्ट्रहरूले नेपालको भूमि प्रयोगका सन्दर्भमा नेपालकै सहमतिबिना लिम्पियाधुरा, लिपुलेक, कालापानी प्रयोग गर्न खोजेका छन् । नेपालले कूटनीतिक नियोगमार्फत असहमति जनाएको छ । नेपालको सहमति र सहभागिताबिना गरिने कुनै पनि समझदारी अनुचित हुन्छ । तथ्य र प्रमाणका आधारमा समस्या समाधान गर्न पहल गर्नुपर्छ ।’

सुगौली सन्धिको सीमानै वास्तविक सीमा भएको दाबी गर्दै उनले नेपालले राखेको अडान तथ्य र प्रमाणमा आधारित रहेको बताए । सरकारको कार्यक्षमता र उपलब्धिबारे नेता पोखरेलले भने, ‘अघिल्लो अवस्था र अहिलेको अवस्थालाई तुलना गर्दा यो सरकार सफल देखिएको छ । राजस्व बढेको छ, खर्च गर्ने क्षमता मजबुत भएको छ, लगानीयोग्य वातावरण बनेको छ र निजी क्षेत्र उत्साहित छ ।’ यसैबीच, पोखरेलले एमालेको दोस्रो विधान महाधिवेशन यही भदौ २१, २२ र २३ गते हुने जानकारी दिए । महाधिवेशनमा राजनीतिक, सङ्गठनात्मक र विधान संशोधनसहित तीन वटा प्रस्तावमाथि छलफल हुने उनले बताए । उनका अनुसार साढे छ लाख सदस्य छलफलमा सहभागी हुनेछन् ।

महासचिव पोखरेलले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पार्टीको सक्रिय राजनीतिमा आउनु उचित नरहेको बताए । ‘पूर्वराष्ट्रपतीजस्तो सम्मानित व्यक्तिलाई कुनै गतिविधि गर्न नदिएर घरभित्रै बन्धक बनाउनुहुँदैन । सामाजिक रूपमा सक्रिय हुन कुनै रोकतोक छैन,’ उनले भने, ‘सामाजिक जीवनका क्रियाकलापमा आउनै हुन्न भन्ने होइन, बन्धक नै बस्नुपर्छ भन्ने छैन ।’ रासस

# स्थानीय निकायबाट आधारभूत स्वास्थ्य सेवा प्रवाह हुँदै

**मोरङ ।**
स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले आगामी असोज मसान्तसम्ममा स्थानीय निकायले प्रथम सेवा केन्द्रका रुपमा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने बताएका छन् ।

विराटनगर विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले नागरिकलाई सहज, सरल एवम् न्यून शुल्कमा उपचार प्राप्त होस् भन्ने उद्देश्यले स्थानीय निकायमा स्वास्थ्य बिमा प्रथम सेवा केन्द्र र सरकारी अस्पताललाई विशिष्टिकृत उपचार केन्द्रका रुपमा विभाजन गरिएको जानकारी दिए ।

नागरिकको स्वास्थ्यप्रति संवेदनशील भएर नै आधारभूत र विशिष्टिकृत स्वास्थ्य सेवा केन्द्रमा जटिल रोगको उपचारको व्यवस्था गरिएको उनको कथन थियो । संविधानले व्यवस्था गरेअनुसार स्थानीय निकायले आधारभूत स्वास्थ्य दिनुपर्छ भन्दै पालिकाले आफ्नो १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रमा खर्च गर्नुपर्नेमा उनले जोड दिए । मन्त्री पौडेलले बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको मागअनुसार आगामी दुई दिनमा एमबिबिएसको ३० वटा सिट थप हुने जानकारी दिँदै अन्य सरकारी शिक्षण अस्पतालले सिट थपका लागि कुनै माग नगरेका बताए । रासस

# ‘योग्य र सक्षम व्यक्तिलाई उमेरको हदको बन्धेज गरिनुहुन्न’

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेकपा एमालेका स्थायी कमिटीका सदस्य एवम् जनसंगठन समन्वयका प्रमुख भानुभक्त ढकालले योग्य र सक्षम व्यक्तिलाई उमेरको हद लगाएर नेतृत्वमा बन्धेज गर्न नहुने बताएका छन् ।

अनेराववियु महिला विभागको आयोजना भएको तिज विशेष कार्यक्रममा बोल्दै ढकालले भदौको १९ गते देखि हुने पार्टीको दोस्रो विधान महाधिवेशनले यस विषयमा टुंगो लगाउने बताए ।

‘साउन ६ गते सकिएको केन्द्रीय कमिटीले पार्टीमा रहेको ७० वर्षे उमेर हद र दुई कार्यकालको प्रावधान हटाएको छ,’ ढकालले भने, ‘यी दुवै विषयलाई विधान महाधिवेशन अनुमोदन गर्दछ ।’

ढकालले देशको आवश्यकता,पार्टीको आवश्यकता र व्यक्तिको क्षमतालाई उमेरको बन्धेज लगाएर रोक्न नहुने बताए । उनले ७० वर्षे उमेर हद खुलाउँदा त्यस भन्दा मुनीको उमेर समुहले प्रतिपष्पर्धा गर्न नपाउने नभनिएकोले यसमा कसैले आपत्ती जनाउनु नुहने बताए ।

**इँटा उद्योगका मजदुर:** दाङको तुलसीपुर उपमहानगरपालिका–१८ स्थित जय हनुमान फिक्स चिम्नी इँटा उद्योगमा काम गर्दै गरेका मजदुर। यहाँ १ सय ५० बढी मजदुर रोजगार छन्। तस्बिर:रासस



# सेनाको व्यवस्थापनमा सञ्चालित आयोजनामा प्रगति शतप्रतिशत

**काठमाडौँ।**
नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन राष्ट्रिय प्राथमिकता प्राप्त सडक करिडोर तथा अन्य पूर्वाधार आयोजनामा आर्थिक वर्ष २०८१–८२ मा लक्ष्यअनुसारको प्रगति हासिल भएको छ।

सेनाको व्यवस्थापनमा रणनीतिक महत्वका कोशी करिडोर, कर्णाली करिडोर, महाकाली करिडोर, बेनिघाट–आरुघाट–लार्केभञ्ज्याङ सडक आयोजनामा वार्षिक लक्ष्यअनुसार शतप्रतिशत प्रगति हासिल भएको रक्षा मन्त्रालयले जनाएको छ । यस्तै राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय, राष्ट्रिय चुरे–तराई–मधेश संरक्षण र बङ्कर टु व्यारेक कार्यक्रममा पनि सोहीअनुसार नतिजा प्राप्त भएको मन्त्रालयका प्रवक्ता मनोजकुमार आचार्यले जानकारी दिए।

राष्ट्रिय गौरवको आयोजनामध्ये सर्वाधिक महत्वको ‘काठमाडौँ–तराई–मधेश द्रूतमार्ग सडक आयोजना’को प्रगति भने उक्त आर्थिक वर्षमा ६७ दशमलव ५ मा सीमित भएको छ । दुरत मार्गको प्रस्थान विन्दुदेखि ६.५ किमीसम्म पर्ने प्याकेज नं ११ मा जग्गा अधिग्रहणसम्बन्धी समस्या रहेको तथा प्रस्थान विन्दु र सवारी अवागमन सम्बन्धमा निर्णय नहुँदा आयोजनाको भौतिकतर्फ वार्षिक लक्ष्य प्राप्त हुन नसकिएको मन्त्रालयले जनाएको छ।

कोशी करिडोरअन्तर्गत खाँदबारी–किमाथाङ्का (च्यामताङ्ग–घोङ्घप्पा) सडक आयोजनाअन्तर्गत १० दशमलव ५१, कर्णाली करिडोरको (घाटपारीचौर–बद्रिगाउँ–भुक्का खोला) सडक आयोजनाको दुई दशमलव पाँच र लाँलीबगर–दुल्लीकुनाको ११ किलोमिटर सडकको ट्रयाक खोलिसकिएको छ।



कर्णाली करिडोरको बोक्चे गौडा र भीर गौडामा दुई–दुई सय मिटर तथा याङ्चु भीरमा चार सय मिटर लम्बाइको सडक निर्माण र खार्पुनाथस्थित चुवाखोलामा बेलिब्रृज निर्माण सम्पन्न भएको छ । यस्तै बेनीघाट–आरुघाट–लार्केभञ्ज याङ् सडक आयोजनामा दुई दशमलव पाँच किलोमिटर नयाँ ट्र्याक निर्माण भएको छ । सोही सडक खण्डको तातोपनी भीरमा सडक चौडा पार्ने कार्य पनि लक्ष्यअनुसार सम्पन्न भएको मन्त्रालयले जनाएको छ।

महाकाली करिडोरअन्तर्गत दार्चुला–टिङ्कर सडक आयोजनाअन्तर्गत गत आवसम्ममा १७ दशमलव ५ किलोमिटर ट्र्याक निर्माण सम्पन्न भएको छ । गत आवमा सो सडकमा एक दशमलव आठ किलोमिटत नयाँ ट्र्याक निर्माण र एक दशमलव दुई किलोमिटर ट्र्याक स्तरोन्नति गर्ने वार्षिक लक्ष्य लिएको थियो । यस्तै दार्चुला–टिङ्कर सडकखण्डमा दुई दशमवल तीन किलोमिटर नयाँ ट्र्याक निर्माण भएका मन्त्रालयले जनाएको छ।

भौगोलिक कठिनाइ भएका स्थानमा सडक पूर्वाधार निर्माणमा संलग्न नेपाली सेनाका एक सय आठ सकल दर्जाले वीरगती प्राप्त गरेका छन् । निर्माण सम्पन्न भएका त्रिशुली–सोमदाङ सडक आयोजनामा १२, कटारी–ओलखढुङ्गा सात, बेनी–जोमसोम १८, कर्णाली राजमार्ग (सुर्खेत–जुम्ला) ६२, नाग्मा–गमगढी एक, बेशिसहर–चामे तीन र जाजरकोट–डोल्पा एक गरी एक सय चार जनाले वीरगती प्राप्त गरेका छन् । ती सडक आयोजना निर्माणका क्रममा गैरसैनिकतर्फ २४ जनाले ज्यान गुमाएका छन्।

हाल निर्माणाधीन सडक आयोजनातर्फ कर्णाली करिडोरमा चार जना सैनिक र निर्माणाधीन विभिन्न सडक आयोजनामा २८ जना गैर सैनिकको क्षति भएको छ । बङ्करदेखि व्यारेक कार्यक्रमअन्तर्गत गत आवमा विभिन्न ७३ वटा संरचना निर्माण भएका छन् । सोही कार्यक्रमअन्तर्गत एक हजार नौ सय ९५ संरचना निर्माण गर्न बाँकी रहेको सेनाले जनाएको छ।

यस्तै रणनीतिक महत्वको राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय निर्माणमा पनि गत आवमा शतप्रतिशत सफलता प्राप्त भएको वार्षिक प्रगतिमा उल्लेख छ । विश्वविद्यालयको भौतिक संरचनाको निर्माणलाई निरन्तरता दिने लक्ष्य राखिएको आयोजनाको समष्टिगत भौतिक प्रगति ७४ दशमवल ०४ प्रतिशत र वित्तीय प्रगति ७४ दशमलव ०२ प्रतिशत रहेको छ। काभ्रेपलाञ्चोकको बनेपा नगरपालिकास्थित पेरुङ्गेडाँडामा निर्माण भइरहेको विश्वविद्यालयको भौतिक पूर्वाधार, कानुन र पाठ्यक्रम निर्माण अन्तिम चरणमा पुगेको छ । प्रकृति संरक्षण कार्यमा पनि नेपाली सेनाले असरदार भूमिका निर्वाह गर्दै आएको छ । सोही क्रममा उक्त आर्थिक वर्षमा दुई लाख ५४ हजार एक सय ३३ पट्रोल, ३७ हजार आठ सय ६७ एम्बुस, नौ हजार दुई सय २४ आकस्मिक छड्केलगायतका गतिविधि सञ्चालित गरिएको मन्त्रालयको वार्षिक प्रगति विवरणमा उल्लेख छ । प्रकृति संरक्षणको सिलसिलामा हालसम्म एक सय १६ सैनिकले आफ्नो ज्यान गुमाएका छन्।

बेरुजु फछ्र्योट लक्ष्यभन्दा माथि आर्थिक वर्ष २०८१–८२ मा रक्षा मन्त्रालयतर्फ तीन अर्ब ४५ करोड ८३ लाख ४० हजार बेरुजु रहेकामा त्यसको ६१ दशमलव ३९ प्रतिशत फछ्र्योट भएको मन्त्रालयले जनाएको छ । सो वर्ष ६० प्रतिशत बेरुजु फछ्र्योट गर्ने लक्ष्य राखिएको थियो।

# साउनमा एक खर्ब ४३ अर्बको आयात, २३ अर्बको निर्यात

**काठमाडौँ ।**
चालु आर्थिक वर्षको पहिलो महिनामा एक खर्ब ६६ अर्ब ९७ करोड ३१ लाख रुपैयाँ बराबरको वैदेशिक व्यापार भएको छ । भन्सार विभागका अनुसार गत महिना एक खर्ब ४३ अर्ब चार करोड रुपैयाँ बराबरको आयात र २३ अर्ब ९३ करोड २४ लाख रुपैयाँ बराबरको निर्यात भएको हो । यो अवधिमा देशलाई एक खर्ब १९ अर्ब १० करोड ८२ लाख रुपैयाँ बराबर व्यापार घाटा भएको छ ।

गत आर्थिक वर्षको पहिलो महिनाको वैदेशिक व्यापारको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा आयात ११ दशमलव ४२ र निर्यात ९५ दशमलव ७५ प्रतिशतले बढेको छ । साउनमा छिमेकी मुलुक भारतसँग ८३ अर्ब ५३ करोड ९९ लाख रुपैयाँ बराबरको आयात र १९ अर्ब ४५ करोड २० लाख रुपैयाँ बराबरको निर्यात हुँदा मुलुकले ६४ अर्ब आठ करोड ७८ लाख रुपैयाँ घाटा व्यहारेको छ । चीनसँग २७ अर्ब ९९ करोड ६० लाख रुपैयाँ बराबरको आयात र पाँच करोड ४८ लाखको निर्यात गर्दा २७ अर्ब ९४ करोड १२ लाख रुपैयाँ बराबर व्यापार घाटा भएको छ । जर्मनी, अफगानस्तान, संयुक्त राज्य अमेरिका, रुस, बेल्जियम, नर्वेलगायत मुलुकसँग समीक्षा अवधिमा व्यापार नाफा भएको छ ।

साउनमा सबैभन्दा बढी आयात पेट्रोलियम पदार्थको भएको छ । विभागका अनुसार पाँच अर्ब ७७ करोड १४ लाख रुपैयाँ बराबरको पेट्रोल, पाँच अर्ब ८८ करोड ७७ लाख रुपैयाँको डिजेल र चार अर्ब ६६ करोड ६४ लाख रुपैयाँ बराबरको एलपी ग्यास आयात भएको छ । देशमा १० अर्ब ८० करोड ९५ लाख रुपैयाँ बराबरको कच्चा सोयाबिन तेल, तीन अर्ब ४१ करोड ९२ लाख रुपैयाँको स्मार्टफोन, एक अर्ब ७४ करोड ४८ लाख रुपैयाँको मोटरसाइकल, तीन अर्ब सात करोड रुपैयाँको फलामजन्य वस्तु र एक अर्ब ५२ करोड ६३ लाख रुपैयाँ बराबरको सुन आयात भएको छ ।

मुलुकबाट निर्यात भएका वस्तुमा भटमासको तेल पहिलो स्थानमा छ । साउनमा १० अर्ब ६९ करोड ५८ करोड रुपैयाँ बराबरको भटमासको तेल निर्यात भएको हो । समीक्षा अवधिमा प्लाइउड, फलफुल जुस, धागो, गलैँचा, अलैँचीलगायत उत्पादन निर्यात भएका हुन् । रासस

# अकबरे खुर्सानीमा रोगको उच्च जोखिम

**भोजपुर ।**
अकबरे खुर्सानीमा रोगको जोखिम बढेसँगै यहाँका किसान समस्यामा परेका छन् । फलमा डढुवा लाग्ने, किरा लाग्ने, बोटमै सुक्ने, फल झर्नेलगायतका रोग देखिँदा किसानको श्रम र लगानी जोखिममा परेको हो ।



लटरम्म फल लागेका बोटमा रोग देखिएपछि धेरै किसान खुर्सानी उखालेर फाल्न बाध्य भएका छन् । करिब दुई रोपनीमा लगाएको खुर्सानी रोगले नष्ट गरेपछि अन्य बाली लगाउनु परेको भोजपुर नगरपालिका–५ का किसान धनबहादुर थापाले बताए ।

‘यस वर्ष खुर्सानीमा रोगको जोखिम बढेको छ,’ उनले भने, ‘एउटै बोटमा एकैसाथ धेरै खालका रोग देखिएपछि हामी किसान चिन्तामा परेका छौँ । फल लागेको खुर्सानी डाँठ कुहिएर मरेपछि बगान सखाप भयो, अब अन्य बाली लगाउन थालेको छु ।’

थापाजस्तै व्यावसायिक रूपमा खेती गरिरहेका गाउँका अन्य किसानले पनि यस्तै समस्या भोगिरहेका छन् । स्थानीय कृषक गीता विष्टकाअनुसार खुर्सानीमा फलमा डढुवा लाग्ने, किरा लाग्ने, पात कुप्रो हुने, डाँठ कुहिने र बोट पहेँलो हुने समस्या देखिएको छ ।

‘खुर्सानीमा रोग देखिएको कारण हामी किसान समस्यामा परेका छौँ,’ उनले भने, ‘बारीमा भएका प्रायःसबै बोटमा रोग लागेको छ । बजार लैजाने अवस्थाको खुर्सानीमा रोग देखिएपछि बगान नै सखाप भएको छ । फल डढुवा लाग्ने रोगले सबैभन्दा बढी क्षति गरेको छ ।’

रोगले क्षति पुगेको खुर्सानी किसानले उखालेर नष्ट गर्न थालेका छन् । एउटा बोटमा देखिएको रोग केही दिनमै अन्य बोटमा फैलिने गरेको किसानको अनुभव छ । करिब एक हजार ५ सय बोट खुर्सानी लगाएकोमा आधाभन्दा जसो बोट रोगले पूर्ण रूपमा नष्ट भएको कृषक विष्टले बताए ।

पछिल्लो समय जिल्लामा व्यावसायिक रुपमा खुर्सानी खेती गर्ने किसानको संख्या बढिरहेको छ । तर, रोग–किराको जोखिमले यस वर्ष उत्पादन घट्ने अवस्था रहेको किसानको अनुमान छ । रासस

# झोलुङ्गे पुलले सहज बन्यो यात्रा

**म्याग्दी ।**
म्याग्दीको मङ्गला गाउँपालिका–४ को न्यूखोलामा झोलुङ्गे पुल निर्माण भएपछि एक घण्टाको यात्रा ३० मिनेटमा छोटिएको छ ।

मङ्गला गाउँपालिकाले वडा कार्यालय रहेको बुकेनी र धापुङ्ग गाउँ जोड्ने बाटोमा पर्ने खोलामा ९२ दशमलब पाँच मिटर लामो झोलुङ्गे पुल निर्माण गरेको हो । पुल बनेपछि खोल्सा र जङ्गलमा घुमाउरो बाटो हिड्नुपर्ने समस्या हटेको मङ्गला गाउँपालिका–४ का मनमाया चोचाङ्गीले बताए ।



‘धापुङ्ग र महेश गाउँका एक सय पाँच घरपरिवारलाई वडा कार्यालय जान एक घण्टाको बाटो ३० मिनेटमा छोटिएको छ,’ उनले भने, ‘बर्खामा न्युखोलामा बाढी आउँदा जोखिम मोलेर वारपार गर्नुपर्ने बाध्यता पनि हटेको छ ।’

५७ लाख १० हजार ८ सय ६० रुपैयाँ लागत अनुमान गरिएको पुल उपभोक्ता समितिबाट निर्माण गरिएको हो । उपभोक्ता समितिले ६४ हजार नौ सय ६१ रुपैयाँ बराबरको श्रमदान गरेका छन् । ११ लाख ६६ हजार ४ सय २४ रुपैयाँमा स्टिल पार्टर्स खरिद र उपभोक्ता समितिलाई ३१ लाख ८३ हजार ९१ रुपैयाँ भुक्तानी भएको मङ्गला गाउँपालिकाका प्राबिधिक शाखा प्रमुख सवइञ्जिनियर रुचेन्द्र अधिकारीले बताए । रासस

# भारतले लडाकु विमान इन्जिन बनाउँदै

**दिल्ली ।**
भारत सरकारले लडाकु विमानका इन्जिन स्वदेशमै विकास तथा निर्माण गर्न फ्रान्सेली कम्पनीसँग सहकार्य गर्दै आएको रक्षा मन्त्री राजनाथ सिंहले जानकारी दिएका छन् ।

सिंहले यसअघि गत मे महिनामा भारतले विकास गर्न लागेको पाँचौं पुस्ताको ‘एडभान्स्ड मिडियम कम्ब्याट एयरक्राफ्ट’ (एएमसीए) को प्रोटोटाइप स्वीकृत गर्नुभएको थियो । उनले त्यसलाई ‘भारतको आत्मनिर्भर रक्षा क्षमतातर्फको महत्वपूर्ण उपलब्धि’ भनेर उल्लेख गरेका थिए । शुक्रबार नयाँ दिल्लीमा आयोजित एक सम्मेलनमा बोल्दै मन्त्री सिंहले लडाकु विमान इन्जिनको स्वदेशी निर्माणसम्बन्धी थप विवरण प्रस्तुत गरे ।



उनले भने, ‘हामी भारतमै लडाकु विमानका इन्जिन उत्पादन गर्न अगाडि बढिरहेका छौं । यसका लागि फ्रान्सेली कम्पनीसँग सहकार्य भइरहेको छ ।’

यद्यपि मन्त्री सिंहले कम्पनीको नाम खुलाउनु भएन, तर भारतीय सञ्चारमाध्यमहरूले यो कम्पनी सफ्रान भएको उल्लेख गरेका छन् । सफ्रान फ्रान्सको एक प्रमुख एयरोस्पेस र रक्षा कम्पनी हो, जसले विगत धेरै वर्षदेखि भारतमा विभिन्न परियोजनामा काम गर्दै आएको छ । तर अहिलेसम्म यो सहकार्यको औपचारिक पुष्टि भएको छैन ।

भारत, जुन विश्वकै ठूलो हतियार आयातकर्ताहरू मध्ये एक हो, आफ्ना सुरक्षाफौजको आधुनिकीकरणलाई उच्च प्राथमिकतामा राख्दै आएको छ । यसै सन्दर्भमा स्वदेशमै हतियार तथा रक्षा उपकरण उत्पादनमा जोड दिँदै आएको छ । पछिल्लो समय भारतले पश्चिमी मुलुकहरूसँग सैन्य सहकार्य बलियो बनाउँदै आएको छ, जसमा अमेरिका, जापान र अष्ट्रेलियासँगको क्वाड गठबन्धन पनि पर्छ ।

यसै वर्षको अप्रिलमा भारतले फ्रान्सको दसोल्ट एभिएसनसँग २६ वटा रफाल लडाकु विमान खरिद गर्न बहु–अर्ब डलरको सम्झौता गरेको थियो । यसले भारतले पहिले नै खरिद गरेका ३६ वटा रफाल विमानमा थपिनेछ र रूसी मिग–२९के विमानहरूको स्थान लिनेछ । रक्षा मन्त्री सिंहले सन् २०३३ सम्म भित्र्याइने स्वदेशी रक्षा सामग्री खरीदका लागि कम्तीमा १०० अर्ब अमेरिकी डलर बराबरको नयाँ सम्झौता गरिने वाचा पनि गरेका छन् ।

हालैका वर्षहरूमा भारतले ठूलो हेलिकप्टर कारखाना सञ्चालनमा ल्याउनुका साथै, पहिलो स्वदेशी विमानवाहक जहाज, युद्धपोत र पनडुब्बी निर्माण सम्पन्न गरेको छ । साथै, लामो दूरीको हाइपरसोनिक मिसाइल परीक्षण समेत सफलतापूर्वक सम्पन्न गरेको छ ।

भारतको सुरक्षा दृष्टिकोणमा पाकिस्तान प्रमुख चुनौतीको रूपमा रहेको बताइन्छ । पछिल्लो मे महिनामा भारत र पाकिस्तानबीच सन् १९९९ यता कै सबैभन्दा तनावपूर्ण चारदिने सैन्य झडप भएको थियो । एएफपी

# पशुपतिनाथ सफाइमा सयौँ सहभागी



**काठमाडौँ।**
दिव्य पशुपतिनाथ अभियानअन्तर्गत शनिबार नेपाल प्रहरीका उच्च अधिकारीसहित सैयौँको सहभागितामा पशुपतिनाथ मन्दिर परिसर सरसफाइ गरिएको छ।

'क्लाइमेट स्मार्ट सिटिज'सँगको सहकार्यमा साउन ६ गतेदेखि हरेक शनिबार यो अभियान सञ्चालन हुँदै आएको छ। अभियानअन्तर्गत शनिबारको श्रृंखलामा उपत्यका ट्राफिक प्रहरी प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीसहित सैयौँको संख्यामा नेपाल प्रहरी सफाइमा सहभागी भएका फाउन्डेसनका अध्यक्ष केपी खनालले जानकारी दिए।
कार्यक्रममा प्रहरी वरिष्ठ उपरीक्षक अधिकारीले विश्वका करोडौँ हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्र र पर्यटकहरूको आकर्षक गन्तव्यका रुपमा रहेको पशुपतिनाथ क्षेत्र सधैँ सफा राख्नुपर्नेमा जोड दिए। यसका लागि अभियान शुरू गरेकामा मैनादेवी फाउन्डेसन र सहयोगी सबैलाई धन्यवाद दिए।
'मानिसको शुरू रअन्त्य धार्मिक कर्मबाटै हुन्छ। पशुपतिनाथ विश्वका रहेक हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्र हो। त्यसबाहेक यहाँ आउने हरेक स्वदेशी र विदेशी पर्यटकका लागि पशुपति धार्मिक पर्यटन गन्तव्य पनि हो,' अधिकारीले भने, 'त्यसैकारण यस क्षेत्रको सरसफाइले हाम्रो पहिचान पनि झल्काउँछ। हाम्रो जीवनको अन्तिम गन्तव्यका रुपमा रहेको यस ठाउँलाई जीवन्त बनाउनु सबैको कर्तब्य हो। शनिबार हामी पनि यसमा सरिक भएका छौँ। स्वच्छता अभियानमा सहभागी हुन अरुलाई पनि आग्रह गर्दछौँ।'
कार्यक्रममा नेपाल प्रहरी, क्रिएसन नेपाल, फाउण्डेसनका स्वयम्सेवकलगायतको सहभागिता थियो। त्यस क्रममा ८ सय ९० किलोग्रामभन्दा बढी फोहोर सङकलन भएको अध्यक्ष खनालले बताए।

# भाद्रकृष्ण औँसीः पितृप्रति श्रद्धा प्रकट गरियो

**काठमाडौँ।**
दिवङ्गत पितालाई तर्पण, सिदादान र पिण्ड अर्पण गर्न शनिबार बिहानैदेखि काठमाडौँको उत्तर पूर्वी भेगस्थित गोकर्णेश्वर उत्तरगया पितृ तीर्थ धाममा हजारौँ भक्तजनको घुइँचो छ।
भाद्रकृष्ण औँसीका दिनमा गोकर्णेश्वरमा गई तर्पण, सिदादान र पिण्डदान गर्नाले २१ पुस्ताअघिदेखिका पितृहरू तर्दछन् भन्ने धार्मिक विश्वास रही आएकाले शनिबार बिहानैदेखि यहाँ हजारौँ भक्तजनको घुइँचो भएको हो। यही धार्मिक विश्वासका कारण शनिबार बिहानैदेखि वैदिक सनातन हिन्दू धर्मावलम्बी र बौद्ध धर्मावलम्बीको समेत गोकर्णेश्वर मन्दिर परिसरमा भीड लागेको छ।
गोकर्णमा भक्तजनको भीडका कारण शनिबार बिहानैदेखि
सुन्दरीजल–जोरपाटी र वाग्मतीको कोरिडोर भएर गुड्ने सवारीसाधन निषेध गरिएको ट्राफिक प्रहरी वृत्त बौद्धले जनाएको छ। यातायात व्यवस्थापन, स्वयंसेवक परिचालन,



स्वास्थ्य सेवा, खोजतलासलगायत सेवा पनि मन्दिर क्षेत्रमा दिइएको गोकर्णेश्वर मेला समितिका संयोजक एवं गोकर्णेश्वर नगरपालिका–४ का अध्यक्ष जयराम महतले राससलाई जानकारी दिए।
सत्ययुगमा ब्रह्माले नै स्थापना गरेकाले यस ठाउँमा आई पितृलाई तर्पण, सिदादान र पिण्डदान गर्नाले अगति परेका पितृ पनि तर्दछन् भन्ने धार्मिक विश्वासका कारण पनि भाद्रकृष्ण औँसीका दिनमा यस मन्दिरमा भक्तजनको भीड बढ्ने गरेको मन्दिरका पूजारी जगदीश भट्टले जानकारी दिए।
गोकर्णेश्वरमा आएका भक्तजन भने धार्मिक रूपमा धेरै महत्त्व भए पनि गोकर्णेश्वरमा राम्रो व्यवस्थापन हुन नसक्दा दुःख पाएको बताउँछन्। डोल्पाबाट आएका दर्शनार्थी रणेन्द्र बुढाथोकी गाडीको असुविधाले मेलामा दुःख पाइएको बताउँछन्। 'मन्दिर आसपासमा साँघुरो बाटो भएकाले गाडी चल्न नसकेको रहस्य मैले मन्दिरमै आएर थाहा पाएँ,' उनले भने।
मन्दिरक्षेत्रमा सार्वजनिक जग्गामा घर बनाई बाटो साँघुरो भएकाले जोरपाटीदेखि हिँड्नुपर्दा समस्या भएको पनि उनले गुनासो गरे। शास्त्रीय रूपमा महत्त्व रहेको पवित्र तीर्थस्थलको सुव्यवस्थापनमा तीन तहका सरकारमध्ये कसैको पनि ध्यान नगएको यहाँ आएपछि थाहा पाएको धेरै भक्तजन बताउँछन्।
यस क्षेत्रमा वैदिक सनातन हिन्दू धर्मावलम्बी मात्र होइन बिहानैदेखि बौद्ध धर्मावलम्बीको पनि भीड लागेको छ। एक वर्षभित्र पिताको दिवङ्गत भएका बौद्धमार्गी यहाँ आएर श्राद्ध र पूजाशनिबारा गरी भोज खाने प्रचलन रहेको बौद्धधर्म गुरु डुण्डुप लामाले बताए।
बौद्धमार्गीले शनिबारको दिनमा गोकर्णमा आई दर्शन गरेमा दिवङ्गत पिताको स्वरूप दर्शन गर्न पाइने विश्वास समेत गर्ने गरेको पनि उनले जानकारी दिए। गोकर्णमा मेला लाग्ने भएकाले शनिबारको औँसीलाई गोकर्णे औँसी पनि भनिन्छ। पशुपतिनाथमा श्रीयन्त्र र गोकर्णेश्वरमा बाल यन्त्रको पूजा आराधना हुने भएकाले पशुपतिनाथ दर्शन गर्नेले गोकर्णेश्वर महादेवको पनि दर्शन गर्नुपर्ने मान्यता रही आएको छ।
शनिबारैको दिन हिन्दू धर्मावलम्बीले वर्षभरि घरमा धार्मिक कृत्य गर्नका लागि आवश्यक कुश भित्र्याई कुशे औँसी पर्व मनाउँछन्। कुशलाई भगवान् विष्णुको स्वरूप मानिन्छ। त्यसैगरी आफ्ना बाबुलाई मीठो मीठो खान दिई बाबुको मुख हेर्ने पर्व पनि शनिबार देशभर मनाइँदैछ। रासस

# चाख्ने हो अरिङ्गालको परिकारको स्वाद ?



**म्याग्दी।**
म्याग्दीमा अरिङ्गालको परिकार पाहुनाको रोजाइमा परेको छ। होटललाई अरिङ्गालको माग धान्न र पु¥याउन हम्मे परेको छ। होटल तथा रेष्टुरेन्ट ब्यवसायी सङ्घ म्याग्दीका अध्यक्ष ललिन्द्र थापाले बर्खा याममा बेनीमा आउने पाहुनाको पहिलो रोजाइको परिकार अरिङ्गाल हुने गरेको बताए।
'स्थानीयबासी मात्र नभएर अरिङ्गालको स्वाद लिनका लागि छिमेकी जिल्लाबाट पनि पाहुना बेनी आउनथालेका छन्,' उनले भने, 'स्वादिलो र तागतिलो हुने भएकाले अरिङ्गालको उपभोग बढेको छ।' थापाद्वारा सञ्चालित होटलमा दैनिक १० देखि २० प्लेटसम्म अरिङ्गाल बिक्री हुन्छ।
प्रतिप्लेट फ्राई अरिङ्गालको मूल्य ६ सय रुपैयाँदेखि ७ सय ५० रुपैयाँसम्म पर्छ। अग्ला रुखमा चढेर शिकारीले अरिङ्गालको लार्भासहितको गोला निकालेर होटलमा बिक्री गर्न ल्याउँछन्। फ्राई गरेको अरिङ्गालको लार्भा शक्तिवर्द्धक हुने उपभोक्ता पूर्ण पुनको अनुभव छ।
खबरा, लामाखेत, अर्थुङ्गे, जामुनाखर्क, बैसरी, माझखर्क, रिसिनचौतारीका युवाले अरिङ्गालको गोला बेच्न बेनीमा ल्याउँछन्। सिङ्गा, बरङ्जा, कुहुँको अरिङ्गाल तातोपानी र ताकम, धारापानी, बिम, देविस्थान, निस्कोट, अर्मनको अरिङ्गाल दरवाङ, बाबियाचौरको होटलमा खपत हुन्छ।
गोलासहितको एक किलो अरिङ्गाल तीन हजार रुपैयाँदेखि तीन हजार ५ सय रुपैयाँमा बिक्री हुने गरेको अरिङ्गाल शिकारी तमबहादुर पुनले बताए। अरिङ्गाल शिकार गर्ने र पाल्नेले लार्भा बेचेर एक याममा रु एक लाखभन्दा बढी आम्दानी गर्छन्।
बेनी –६ जामूनाखर्कमा व्यवसायिक रूपमा अरिङ्गालपालन गरेका अशोक र गीता पाइजा शाहीले माग धान्नै नसकेको बताए। गत वर्ष ३० किलोग्राम लार्भा उत्पादन गरेका शाही दम्पतीले यो वर्ष २५ गोला पालेर एक क्विटल लार्भा बेच्ने लक्ष्य राखेका छन्।
एक गोलाबाट एक पटकमा आठ किलोग्रामसम्म लार्भा निकाल्न सकिन्छ। प्रत्येक दुई–दुई महिनामा लार्भा निकाल्न सकिन्छ। जेठबाट गोला बनाउन शुरू गर्ने अरिंगालका लार्भा कात्तिकसम्म व्यापार हुन्छ।
अरिङ्गाल पाल्नु र शिकार गर्नु सजिलो काम भने होइन। रुखको टुप्पा, भिरमा हुने अरिङ्गाल शिकार गर्दा र सार्दा सावधानी अपनाउनुपर्छ। अरिङ्गाल रिसाएर टोक्यो भने ज्यानै जान पनि सक्छ। अरिङ्गाल शिकार गर्नेका लागि बजारमा पोशाक किन्न पाइने भएकाले जोखिम घटेको र सजिलो भएको छ। रातो र कालो जातका अरिङ्गाल हुन्छन्। आगोले गोला पोलेर शिकार गर्दा अरिङ्गाल मासिने, टोकेर घाइते हुने, रुखमा चढ्दा लडेर घाइते तथा ज्यान जाने जोखिम पनि उत्तिकै छ। रासस

# फोहरमैला व्यवस्थापन केन्द्रमा तालाबन्दी फोहर विसर्जनमा समस्या


**कञ्चनपुर।**
शुक्लाफाँटा नगरपालिका–११ स्थित फोहरमैला व्यवस्थापन केन्द्रमा सामुदायिक वन उपभोक्ता समूहले तालाबन्दी गरेपछि नगरक्षेत्रको फोहर सङ्कलन र विसर्जन कार्य पूर्ण रूपमा अवरुद्ध भएको छ।
तीन दिनअघि श्रीकृष्ण सामुदायिक वन उपभोक्ता समूहले ११ बुँदे सहमति कार्यान्वयनको माग गर्दै केन्द्रमा तालाबन्दी गरेपछि झलारी, वन समिति, कलुवापुरलगायतका बजार क्षेत्रमा फोहर थुप्रिँदै गएको छ। फोहरमैला व्यवस्थाप केन्द्र निर्माण भएपनि सञ्चालनमा नआउँदा नगरपालिकाले अस्थायी रूपमा सामुदायिक वनकै जग्गामा फोहर विसर्जन गर्दै आएको छ।
सामुदायिक वनका उपभोक्ताले अस्थायी रूपमा फोहर विसर्जन गर्दै आएको कार्यमा रोक लगाएपछि बजार क्षेत्रको फोहर सङकलन र विर्षजन हुन सकेको छैन। करिब ३० करोड रुपैयाँभन्दा बढी लागतमा एसियाली विकास बैंक



(एडिबी) को सहुलियत ऋण सहयोगमा फोहरमैला व्यवस्थापन केन्द्र निर्माण गरिएको हो।
फोहरमैला व्यवस्थापन केन्द्र आधुनिक प्रविधिसहित निर्माण गरिएको छ। प्राविधिक अध्ययनअनुसार यस केन्द्रले दैनिक छ टनसम्म फोहर व्यवस्थापन गर्ने क्षमता राख्छ भने करिब दुई दशकसम्म सञ्चालन गर्नसक्ने अनुमान गरिएको छ।
सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष अम्मरबहादुर ऐरका अनुसार केन्द्र निर्माणका क्रममा नगरपालिका र समूहबीच ११ बुँदे सहमति भएको थियो। त्यसअनुसार अन्य क्षेत्रको फोहर नल्याउने, आवासीय क्षेत्रमा मेसवायर जाली जडान गर्ने, प्रत्येक उपभोक्तालाई एलपी ग्यास उपलब्ध गराउने, वनहरा र सनवोरा नदीमा तटबन्ध निर्माण गर्ने, स्थानीयलाई रोजगारी दिनेलगायत प्रावधान राखिएका थिए।
यसबाहेक, आर्यघाट क्षेत्र व्यवस्थित गर्ने, डस्टबिनको व्यवस्था गर्ने, प्रभावित बस्तीमा सडक कालोपत्रे र बत्ती जडान गर्ने, सामुदायिक वनको सीमसार क्षेत्र संरक्षण गर्ने, स्वास्थ्य बीमा तथा निःशुल्क उपचारको सुविधा उपलब्ध गराउने, र समयावधि पूरा भएपछि जग्गा फिर्ता गर्ने प्रावधान पनि सम्झौतामा समावेश भएको थियो।
'सहमति भएको तीन वर्ष बितिसक्दा पनि नगरपालिकाले कुनै बुँदा कार्यान्वयन गरेको छैन,' अध्यक्ष ऐरले भने, 'नगर कार्यपालिकाको १३५ औँ बैठकले कार्यान्वयन गर्ने निर्णय गरे पनि अझै बेवास्ता गरिएको छ।'
सामुदायिक वन उपभोक्ता समूहका पूर्वसचिव दिलबहादुर साउदले तालाबन्दी गरे पनि नगरपालिकाले हालसम्म संवाद शुरू नगरेको र मौन बसेको बताउनुभएको छ। 'हामीले बारम्बार सम्झौताका बुँदा कार्यान्वयन गर्न माग गरेका थियौँ, तर नगरपालिका बेवास्ता गर्दै आएको छ,' उहाँले भने, 'तत्काल सहमति कार्यान्वयन भएन भने सङ्घर्षका थप कार्यक्रम सार्वजनिक गर्नेछौँ।' रासस

# तीन हजार बढीले अवलोकन गरे चुरियामाई सुरूङमार्ग

**बागमती।**
दक्षिण एसियाकै पहिलो मानिएको हेटौँडा उपमहानगरपालिका–१५ स्थित चुरियामाई सुरूङमार्ग घुम्न आउनेको संख्या उल्लेख्य देखिएको छ। हेटौँडा उपमहानगरपालिकाका अनुसार आठ महिनामा तीन हजारभन्दा बढीले सुरूङमार्ग अवलोकन गरेका छन्। सुरूङमार्ग अवलोकनका लागि धेरैजसो विद्यार्थी आउने गरेको शुरूङमार्गको व्यवस्थापन र सुरक्षामा खटिएका उपमहानगर पालिका नगरप्रहरी प्रमुख नेत्रप्रसाद ढकालले जानकारी दिए। शुक्रबार, शनिबार र सार्वजनिक बिदाका दिन विद्यार्थी तथा सर्वसाधारणको संख्या बाक्लो हुने उनको भनाइ छ। लामो



समयसम्म जीर्ण रहेको शुरूङमार्ग पुनःनिर्माणपछि पर्यटकका लागि खुला गरिएको हो। कूल चार करोड ५७ लाख रुपैयाँमा प्रदेश यातायात पूर्वाधार निर्देशनालयले सुरूङको पुनःनिर्माण गरी व्यवस्थापनका लागि हेटौँडा उपमहानगरपालिकालाई हस्तान्तरण गरेको थियो। सुरूङमार्ग विसं २०८१ पुस ८ गते उद्घाटन गरी सर्वसाधारणका लागि खुला गरिएको थियो। हेटौँडा उपमहानगरपालिकाका राजस्व शाखाका अनुसार, पर्यटकबाट एक लाख १७ हजार रुपैयाँ राजस्व सङ्कलन भएको छ। चालु आर्थिक वर्षको साउनमा मात्रै ४ सय ५५ जना पर्यटकले सुरूङमार्ग अवलोकन गरेको र त्यसबापत २० हजार ५ सय ५० रुपैयाँ राजस्व सङ्कलन भएको छ। सुरूङमार्ग अवलोकनका लागि नेपालीलाई प्रतिव्यक्ति ५० रुपैयाँ, विदेशीलाई प्रतिव्यक्ति १०० रुपैयाँ, विद्यार्थीलाई प्रतिव्यक्ति २० रुपैयाँ निर्धारण गरिएको छ। मधेश प्रदेशको बारा र बागमती प्रदेशको मकवानपुरलाई जोड्ने सुरूङमार्ग विसं १९७४ मा तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरको पालामा निर्माण गरिएको थियो। सुरूङमार्गबाट विसं २०२० सम्म सवारीसाधन सञ्चालन हुँदै आएका थिए। सुरूङमार्गको विसं २०७९ वैशाख १९ गते जीर्णोद्धार शुरू भएको थियो। रासस

# जसपा नेपालकी महिला नेतृद्वारा झारु प्रदर्शन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गौर हत्याकाण्ड सम्बन्धमा सर्वोच्च अदालतले उपेन्द्र यादवविरुद्ध अनुसन्धानका लागि परमादेश दिएको निर्णयविरुद्ध जनता समाजवादी पार्टी (जसपा) नेपालकी महिला नेतृहरू आन्दोलित बनेकी छन् । शनिबार जनकपुरधाममा आयोजित विरोध कार्यक्रममा पार्टीकी महिला नेतृहरूले झारु लिएर सडकमा प्रदर्शन गर्दै सरकार र अदालतको निर्णयको विरोध जनाए । प्रदर्शनकारीहरूले अदालतको परमादेशलाई अपरिपक्व र अनुचित निर्णय भएको भन्दै



त्यसलाई अस्वीकार गर्ने बताएका छन् । जसपा नेपालकी महिला नेतृहरूले भनिन्, 'हामीले सर्वोच्च अदालतको आदेशप्रति असहमति जनाउँदैछौं । बिना सोधपुछ घटना सम्बन्धी सरोकारवालासँग संपर्क नगरी अनुसन्धान आदेश जारी गर्नु न्यायको उल्लङ्घन हो । हाम्रो पार्टी यस विषयमा सदैव सत्य र न्यायको पक्षमा रहन्छ ।' कार्यक्रममा सहभागी महिला नेतृहरूले पार्टी कार्यकर्ताहरूलाई पनि समेट्दै स्वतन्त्र प्रदर्शन र सभामा सहभागिताको अवसर सिर्जना गरेका थिए । उनीहरूले अदालतको निर्णयले राजनीतिक लाभ लिन खोजिएको आरोपसमेत लगाए । गौर हत्याकाण्डमा सर्वोच्च अदालतले अनुसन्धानको आदेश १९ वर्षपछि जारी गरेको थियो । जसपा नेपालका नेताहरूले यसलाई राजनीतिकरूपमा प्रयोग गर्ने प्रयास भएको आरोप लगाउँदै आएका छन् । प्रदर्शनकारी महिला नेतृहरूले पार्टीका अन्य सदस्यहरूलाई पनि आगामी दिनमा न्याय र मानवअधिकार संरक्षणका लागि विभिन्न विरोध कार्यक्रम सञ्चालन गर्न आह्वान गरेकी छन् ।

# मानव बेचबिखनमा संलग्न रहेको आरोपमा राइन पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले मानव बेचबिखन, जबरजस्ती करणी र यौनजन्य अपराधमा संलग्न रहेको आरोपमा एक होटल सञ्चालकलाई पक्राउ गरेको छ ।
पक्राउ पर्नेमा जनकपुरधाम–२३ लादो बेलाका करिब ४५ वर्षीय अजिज राइन रहेका छन् । राइन जनकपुरधाम–४ विद्यापति चोकमा मधेश प्रदेश गेष्ट हाउस नामक होटल सञ्चालन गर्दै आएका थिए । प्रहरीले उनी पक्राउ परेपछि उक्त होटल तत्काल बन्द गरेको जनाएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक बरुणबहादुर सिंहका अनुसार पीडित परिवार र मानव अधिकारकर्मीहरूले दर्ता गराएका उजुरीका आधारमा राइनलाई नियन्त्रणमा लिइएको हो । 'उनीविरुद्ध मानव बेचबिखन र यौनजन्य अपराधसँग सम्बन्धित गम्भीर प्रकृतिका उजुरी दर्ता भएका छन् । हाल अनुसन्धान प्रारम्भिक चरणमा रही प्रमाण संकलन भइरहेको छ,' डीएसपी सिंहले भने । उजुरीकर्ताहरूका अनुसार राइनले आर्थिक प्रलोभन देखाई महिलाहरूलाई यौन क्रियाकलापमा संलग्न गराउने काम गर्दै आएका थिए । पीडित परिवारले यसअघि नै प्रहरी र सम्बन्धित निकायमा गुनासो गर्दै उनीविरुद्ध कडा कारबाहीको माग गरेका थिए ।
राइनविरुद्ध राष्ट्रिय मानव अधिकार आयोगमा समेत उजुरी परेको छ । आयोगका जनकपुरधाम प्रमुख बुद्ध नारायण सहनीले यस घटनालाई अत्यन्तै संवेदनशील विषयका रूपमा लिइएको जानकारी दिए । 'आयोगले प्रारम्भिक तथ्य–जाँच शुरु गरेको छ । प्रहरीको कारबाहीलाई हामी नजिकैबाट अनुगमन गरिरहेका छौं । पीडितको पहिचान र संरक्षणमा विशेष ध्यान दिइरहेका छौं,' सहनीले भने । प्रहरीले मधेश प्रदेश गेष्ट हाउसलाई तत्काल बन्द गर्दै घटनामा संलग्न अन्य व्यक्ति र सम्भावित पीडितहरूको खोजी थालेको छ ।

# खाँडो खोलाको पानी खेतमा किसानलाई राहत



**मधेशदृष्टि**
**सप्तरी ।**
लामो समयसम्मको खडेरीले सुक्न थालेको धानबालीलाई बचाउन सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकामा किसानले खोलाको पानी खेतमा पुर्याउने पहल गरेका छन् ।
गाउँपालिकाको वडा नं. १ तिलाठी र वडा नं. २ लौनियाँका सयौँ विघा खेतमा खाँडो खोलामा अस्थायी बाँध निर्माण गरी पानी प्रवाह गरिएपछि किसानहरू उत्साहित भएका छन् । गाउँपालिकाको विपद् व्यवस्थापन शाखा र सम्बन्धित वडाको संयुक्त पहलमा बनेको बाँधले करिब पाँच सय विघा खेतमा प्रत्यक्ष सिंचाइ पुर्याएको विपद् व्यवस्थापन अधिकृत राजेश झाले जानकारी दिए । 'खोलामा खेर गइरहेको पानीलाई नियन्त्रण गरेर खेतमा पुर्याउँदा किसानले ठूलो राहत पाएका छन्,' अधिकृत झाले भने, 'यो पहलले धानबाली जोगिएको छ र उत्पादनमा समेत सकारात्मक प्रभाव पर्छ ।'
यसअघि लगातार वर्षा नहुँदा खेत सुक्दै गएका थिए । ट्युबवेल र बोरिङमा समेत पानी नआएपछि किसान गम्भीर संकटमा परेका थिए । तर, खोलाबाट खेतमा पानी पुगेपछि मर्न थालेको धानबालीमा नयाँ जीवन आएको वडा नं. २ का वडाध्यक्ष कमल मण्डलले बताए ।
'अब यो क्षेत्रमा खडेरीको असर पर्दैन,' मण्डलले भने । धान रोपाइँ भइसकेको तर पानी अभावमा बाली मरन थालेका बेला खाँडो खोलाबाट आएको पानीले ठूलो राहत दिएको किसानको भनाइ छ । स्थानीय किसानहरूले बाँध निर्माण मात्र नभई त्यसको संरक्षणका लागि समेत पालो–पालो बस्ने व्यवस्था मिलाएका छन् । कृषकहरुका अनुसार खडेरीले मर्न लागेको बालीलाई समयमै पानी पुगेपछि उत्पादनमा आशा जागेको छ । किसान रामजी साह भन्छन्, 'अब हाम्रो पसिना खेर गएन, खोलाको पानीले धान जोगाइदियो, यसपालि भोकै बस्नुपर्ने अवस्था आउँदैन ।' सामूहिक पहलमार्फत खडेरीको चपेटाबाट धानबालीलाई जोगाउने प्रयासले तिलाठी कोईलाडी गाउँपालिकाका किसानलाई ठूलो राहत दिएको छ ।

# भूमि विधेयक राष्ट्रिय हितविपरीतः जसपा नेपाल

**मधेशदृष्टि**
**काठमाडौं ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालले सरकारले ल्याउन लागेको विवादित भूमि सम्बन्धी विधेयकलाई मुलुक र जनताको हितविपरीत भएको भन्दै विरोध जनाएको छ । पार्टीले यस विधेयकले भू–माफिया र जग्गा दलालको मात्र फाइदा हुने, वनजंगल विनाश र तराई तथा मधेश क्षेत्रको मरुभूमिकरण हुने उल्लेख गर्दै देशभर व्यापक विरोध प्रदर्शनमा सहभागी हुन जनता समक्ष अपील गरेको छ । पार्टीका केन्द्रीय महासचिव लालबाबु राउतले जारी गरेको प्रेस विज्ञप्तिमा जसपा नेपाल प्रारम्भदेखि नै भूमि विधेयकको विरोधमा रहेकाले संसदको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले २०८२ भाद्र ५ गते राष्ट्रिय हित विपरीत विधेयकको प्रक्रिया अगाडि बढाएपछि पार्टीले थप कडा कदम चाल्ने निर्णय गरेको उल्लेख छ । जसपा नेपालले
वन क्षेत्रको जग्गामा हुने अतिक्रमण रोक्नु पर्ने, जैविक विविधता र पर्यावरणको संरक्षण गर्नु पर्ने, तराई र मधेशको मरुभूमिकरण हुनबाट जोगाउनु पर्ने र जल, जंगल र भूमिको संरक्षण सुनिश्चित गर्नु पर्ने बुँदाहरूलाई प्राथमिकता दिएको छ ।
पार्टीले 'भूमि र वन बचाउँ, मधेशलाई मरुभूमिकरण हुनबाट जोगाउँ' अभियान अन्तर्गत भाद्र ९ देखि १५ गतेसम्म देशका विभिन्न शहरहरूमा भूमि विधेयकविरुद्ध विरोध प्रदर्शन गर्ने योजना बनाएको छ । महासचिव राउतले सम्पूर्ण आम जनसमुदायलाई यस अभियानमा सक्रिय सहभागिताका लागि हार्दिक अपील गरेका छन् ।

# वीरगंज नाकाबाट हुने आयात र निर्यात दुवै बढ्यो

**वीरगंज ।**
चालु आर्थिक वर्षको पहिलो महिना साउनमा वीरगंज नाकाबाट ६८ अर्ब १७ करोड रुपैयाँ बराबरका वस्तु तथा सामान आयात भएका छन् । जुन गत आवको सोही वर्षको तुलनामा आठ अर्ब ११ करोड रुपैयाँ बढी भएको वीरगंज भन्सार कार्यालयले जनाएको छ । कार्यालयका अनुसार आव २०८१÷८२ को साउनमा ६० अर्ब ६ करोड रुपैयाँ बराबरको वस्तु तथा सामान आयात भएको थियो । चालु आर्थिक वर्षको साउनमा वीरगंज नाकाबाट हुने निर्यात बढेको छ । चालु आवको साउनमा आठ अर्ब ४५ करोड रुपैयाँको सामान विभिन्न मुलुकमा निर्यात भएको छ । गत आवको साउनमा तीन अर्ब पाँच करोडको मात्रै सामान निर्यात भएको थियो । कार्यालयका अनुसार साउनमा १८ अर्ब ४४ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ । आव २०८१÷८२ को साउनमा १५ अर्ब ९२ करोड रुपैयाँ राजस्व सङ्कलन भएको थियो । रासस




# गौर हत्याकाण्डको फाइल राजनीतिक हतियार बन्ने खतराः मनिष सुमन

**मधेशदृष्टि**
**काठमाडौं ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रवक्ता मनिष सुमनले गौर हत्याकाण्डको छानबिन गर्न सर्वोच्च अदालतले दिएको आदेश आफैंमा आश्चर्यजनक रहेको बताएका छन् । सुमनले अदालतले घटनासँग सरोकार राख्ने पक्षसँग सोधपुछ नै नगरी आदेश जारी गरेको भन्दै यसलाई न्यायिक प्रक्रियासँग असंगत ठहर गरेका छन् । सुमनले २०६३ साल चैत ७ गते भएको गौर हत्याकाण्डको घटनापछि तत्कालीन सर्वोच्च अदालतका न्यायाधीश, पाटन उच्च अदालतका न्यायाधीशको संयोजकत्वमा मानव अधिकार आयोग तथा अन्य समितिहरूले प्रारम्भिक छानबिन गरेको बताए । तर, अधिकांश रिपोर्टहरू गोप्य राखिएको र सार्वजनिक नभएको उनले बताए । 'राज्यले ती आयोगका रिपोर्टहरू गोप्य राख्दा सम्मानित अदालतलाई फेरि छानबिन गर्न आदेश दिनुपर्ने अवस्था आएको हो । अदालतले फैसला गरिरहँदा सरोकारवालालाई कतै समेटिएको छैन, १३० जना उजुरीमा नाम भएका व्यक्तिहरूको पनि तालुकात
छैन । यो आफैंमा आश्चर्यजनक निर्णय हो,' सुमनले भने । सुमनले गौर हत्याकाण्डमा तत्कालीन माओवादी पार्टीको जनसेनाको उन्माद र हिंसात्मक गतिविधि प्रमुख भएको दाबी गरे । उनका अनुसार माओवादी नेता प्रभु साहले कार्यक्रम शुरु हुनेबित्तिकै हतियार बोकेर आक्रमण गर्न निर्देशन दिएका थिए । सुमनले यस घटनालाई नाजायज, बीभत्स र गलत भएको स्पष्ट पारे । सुमनले भने, 'गौर हत्याकाण्डको सम्बन्धमा तयार पारिएका रिपोर्ट लुकाइएकोले मृत्यु भएका २७ जना र करिब १५० जना घाइतेले न्याय पाउन सकेनन् । सरकारले ती रिपोर्ट राजनीतिक हतियारको रूपमा प्रयोग गर्ने प्रयास गरेको छ ।' प्रवक्ता सुमनले वर्तमान सरकारले भूमि विधेयक पारित गर्नका लागि गौर हत्याकाण्डका फाइललाई ब्युँताएको आरोप लगाए । उनका अनुसार भूमिसम्बन्धी विधेयकले भू–माफिया र बिचौलियालाई मात्र फाइदा पु¥याउनेछ र सिंगो देशलाई मरुभूमिमा परिणत गर्ने खालको रहेको छ ।
सुमनले उल्लेख गरे, 'सुकुम्वासीलाई जग्गा दिनका लागि नेपालमा विद्यमान कानुन पर्याप्त छन् । तर, भ्रष्टाचार र बिचौलियालाई फाइदा पु¥याउन यो विधेयक ल्याउन खोजिएको छ ।' जसपा नेपालले भूमिसम्बन्धी विधेयकको विरोधमा आगामी सोमबार देशभर विरोध प्रदर्शन आयोजना गर्ने योजना बनाएको छ । सुमनले सरकार भूमि विधेयक पारित गर्न दबाब दिनका लागि गौर हत्याकाण्डको फाइल प्रयोग गरिरहेको दाबी गरेका छन् ।

# सप्तरी कारागारमा तीन गुणाभन्दा बढी कैदीबन्दी




**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको राजविराजस्थित कारागार क्षमताभन्दा तीन गुणाभन्दा बढी कैदीबन्दी अटाइरहेको छ । एक सय २५ जना मात्र अटाउने क्षमता भएको कारागारमा अहिले तीन सय ९० जना कैदी–बन्दी रहेका छन् । कारागार प्रमुख गङ्गालाल योगीका अनुसार हाल कैद तोकिएकामध्ये दुई सय ५१ जना छन् । त्यसमा पाँच महिला छन् । यस्तै, एक सय ३९ जना पूर्पक्षका लागि थुनामा रहेका छन् । त्यसमा १३ महिला छन् । यसरी कारागारमा जम्मा १८ महिला कैदीबन्दी छन् । उनीहरुसँग पाँच वर्ष मुनिका तीन बालबालिका पनि छन् । साथै, कारागारमा १५ जना भारतीय नागरिक समेत कैदीबन्दी जीवन बिताइरहेका छन् । मुलुककै जेठा कारागारमध्ये पर्ने राजविराज कारागारको संरचना अत्यन्त जीर्ण अवस्थामा पुगेको प्रमुख योगीले बताएका छन् । उनका अनुसार विशेषगरी बन्दी तर्फको माटोको पर्खाल अत्यन्त कमजोर भएको र सुरक्षा दृष्टिकोणले निकै जोखिमपूर्ण अवस्थामा रहेको छ । 'केही दिनअघि कैदी एक जनाले पर्खाल नाघेर भागेका थिए,' प्रमुख योगीले भने, 'यस्तो अवस्था कायम रहेकाले तत्काल मर्मत र सुरक्षित पर्खालको निर्माण अपरिहार्य छ ।' प्रमुख योगीले कैदीबन्दीहरूको मानसिक स्वास्थ्य र सकारात्मक सोच विकासका लागि ध्यान, मेडिटेसन तथा सीपमूलक तालिम सञ्चालन गर्ने योजना भए पनि आवश्यक भौतिक पूर्वाधार नहुँदा कठिनाइ भएको बताए । उनका अनुसार कारागारको जग्गा स्थानीयले अतिक्रमण गरेर घर निर्माण गरेपछि तालिम तथा कार्यक्रम सञ्चालनका लागि पर्याप्त स्थान छैन । कारागारमा रहेका तीन बालबालिकाको स्वास्थ्य र भविष्यलाई ध्यानमा राख्दै उनीहरूलाई पौष्टिक आहार, पढ्नका लागि किताब तथा खेल्ने सामग्री उपलब्ध गराउने प्रयास गरिएको प्रमुख योगीले जानकारी दिए । क्षमताभन्दा तीन गुणा बढी कैदीबन्दी, जीर्ण संरचना र सुरक्षित पर्खाल अभावले सप्तरी कारागार थप चुनौतीपूर्ण बनेको देखिन्छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन